जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १९१ • २०७९ साल मंसिर २० गते मंगलबार (6 December, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## माओवादी केन्द्र र नेकपा एस एकीकृत हुने, छरिएका बाम नेताहरु जोडिने



टुडे समाचारदाता

काठमाण्डु । नयाँ सरकार गठन गर्न निर्वाचन आयोगको परिणामलाई दलहरुले कुरिरहेको बेला माओवादी केन्द्र र नेकपा एस एकीकृत हुने गृह कार्य सुरु भएको स्रोतले जनाएका छन् ।

आमनिर्वाचन अगावै माओवादी केन्द्रसित मिल्ने आन्तरिक निर्णय गरेको नेकपा एसले एकता प्रक्रियालाई अगाडि बढाउनेमा सहमत देखिएको छ ।

माओवादीका अध्यक्ष प्रचण्ड र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालबीच एकीकरणको विषयमा आन्तरिक रुपमा छलफल धेरै अगाडि बढी सकेको स्रोतले जनाएका छन् ।

निर्वाचनमा राष्ट्रिय पार्टीको हैसियत प्राप्त गर्न असफल रहेको एसले माओवादी केन्द्रमा समाहित भएर अस्तित्वको रक्षा गर्न चाहेको छ । उच्च स्रोतका अनुसार माओवादी केन्द्र र एसबीच एकीकरणका लागि छडिएर अलपत्र परेका बाम नेताहरुले समेत दबाब दिएका छन् ।

एमालेबाट अलग्गयाइएका वामदेव गौतम, घनश्याम भुसाल लगायतका नेताहरु एकीकृत माओवादी एसमा समाहित हुने स्रोतले जनाएका छन् । गौतम, भुसाल, भीम रावल लगायतका नेतालाई चुनावमा एमाले अध्यक्ष केपी शर्मा ओलीले टिकट दिएनन् । गौतम र भुसाल एकीकृत माओवादी एसमा समाहित भए पनि रावलका लागि सहज भने हुने छैन् ।

एमालेमा विवाद चर्किएको बेला भुसाल, रावल, गौतम लगायतका नेताहरु माधवकुमार नेपालसित थिए । तर पार्टी विभाजनको क्रममा उनीहरुले नेपालको साथ छाडेर एमालेमै बसे ।

चुनावमा राष्ट्रिय स्तरको दल बन्न असफल भएपछि एसका अध्यक्ष नेपाललाई ठूलो धक्का लागेको छ । एसका वरिष्ठ नेता झलनाथ खनाल पराजित भएका छन् । स्रोतहरुका अनुसार माओवादीसित एकीकरणको पक्षमा नेकपा एसका कतिपय नेताहरु छैनन् । रामकुमारी झाँक्री लगायतका नेताहरु एमालेमै फर्किन सक्ने संभावना पनि रहेको स्रोतले जनाएका छन् ।

'माओवादी केन्द्रसित एकीकृत नभए नेकपा एसको अस्तित्व समाप्त हुन सक्छ' माओवादी केन्द्रका एकजना नेताले भने, दुबै दल एकजुट भए सरकारमा समेत प्रभावकारी भूमिका पाउन सक्छ ।

नेकपा एमालेले एसका केही सांसदहरुलाई तान्ने प्रयासमा रहेको बताइन्छ । प्रतिनिधि सभामा स्वतन्त्र हैसियतमा रहेका एसका सांसदहरुलाई सरकारमा स्थान नदिए एमालेमा फर्किने केही सांसदहरुले संकेत दिन थालेको बताइन्छ । माओवादी अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाएर सरकारमा सहभागी हुने एमालेको योजना धूमिल हुन लागेको छ ।

### सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय

## लोसपाबाहेक ४ दलको सहभागिता, चुनावको समीक्षा

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ गठबन्धनले आगामी सरकारको नेतृत्व गठबन्धनले नै गर्ने निर्णय गरेको छ । आम निर्वाचनपछि पहिलो पटक सोमवार बसेको सत्ता गठबन्धनको बैठकले निर्वाचन परिणामको समीक्षा पनि गरिएको सहभागी एकजना नेताले बताए ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले हालको गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ । सत्तारुढ गठबन्धनले सरकार बनाउने दाबी गर्न सक्ने बहुमतका लागि भने अन्य एउटा दल अथवा स्वतन्त्र सांसदहरुलाई सहभागी गराउनु पर्नेछ ।

बैठकमा प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, प्रवक्ता प्रकाश शरण महत, सञ्चारमन्त्री ज्ञानेन्द्र कार्की, माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, जनमोर्चाकी दुर्गा पौडेललगायत सहभागी थिए । आमनिर्वाचनमा गठबन्धनमा राखिएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई बैठकमा बोलाइएको थिएन । बैठकपछि कांग्रेस सभापति देउवा, माओवादी केन्द्र अध्यक्ष प्रचण्ड, नेकपा एस अध्यक्ष नेपाल र जनमोर्चाकी पौडेलले हस्ताक्षर गरेको संयुक्त विज्ञप्तिमा गठबन्धनको निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् ।

सत्तारुढ गठबन्धनमा रहेका दलहरुले नयाँ सरकार गठन पनि गठबन्धनबाट नै गर्ने निर्णय गरेसँगै विपक्षमा रहेका दलहरुको सरकार बनाउने प्रयासमा ग्रहण लागेको छ । एमालेसितको चुनावी गठबन्धन समाप्त भइसकेको घोषणा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले पनि गरिसकेका छन् । प्रचण्डलाई गठबन्धनबाट अलग्याएर प्रधानमन्त्री बनाउन एमालेले गरेको प्रयास पनि सार्थक हुने संभावना तत्काल कमजोर भएकोछ ।

गठबन्धनका नेताहरुले सरकार बनाउने प्रतिबद्धता जनाए पनि सरकारको नेतृत्व कांग्रेस अथवा माओवादी केन्द्रले गर्ने भने निक्यौल भइसकेको छैन् ।



मुलुकका सामु विद्यमान चुनौतीहरुको सामना गर्नुपर्ने आवश्यकताले पनि यो गठबन्धनलाई निरन्तरता दिनु जरुरी रहेको विज्ञप्तिमा उल्लेख गरिएकोछ । निर्वाचनको नतिजाले राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको बाटोमा आपसी सहमति र सहकार्यका साथ मिलेर अघि बढ्नु पर्ने स्पष्टसन्देश दिएको गठबन्धनका नेताहरुको ठहर छ ।

मुलुकको विशिष्ट परिस्थितिमा संविधान र लोकतन्त्रको रक्षाका लागि स्थापित गठबन्धनको सरकारले स्थानीय, प्रदेश र प्रतिनिधि सभा तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ । 'तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएसँगै लोकतन्त्र थप सुदृढ हुँदै संविधान अझ सुरक्षित भइ मुलुक राजनीतिक स्थायित्व र समृद्धिको दिशातर्फ उन्मुख भएको छ' विज्ञप्तिमा अगाडि भनिएको छ, हालै सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको नतिजाले वर्तमान गठबन्धनको आवश्यकता र सान्दर्भिकतालाई पुनः पुष्टि गरेको छ ।

निर्वाचनको दौरानमा गठबन्धनले केन्द्रबाट स्पष्ट निर्णय र निर्देशन गर्दागर्दै पनि कतिपय निर्वाचन क्षेत्रमा केही असहयोग र असमझदारीका घटना देखिए । निर्वाचनका दौरानमा देखिएका ती असमझदारीहरुको पनि आगामी दिनमा उचित समीक्षा र सम्बोधन गरिनेछ ।

'गठबन्धनप्रति मतदाताले दर्शाएको विश्वास र मायाप्रति हामी आभारी छौं' चार दलीय संयुक्त विज्ञप्तिमा भनिएको छ, आम मतदाताको भरोसा र भावनालाई कदरगर्दै जनता र मुलुकको हितलाई केन्द्रमा राखेर आगामी दिनमा थप एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।' निर्वाचनमा अभिव्यक्त जनादेशले दिएको सन्देश समेतलाई हृदयङ्गम गर्दै हामी गम्भीर समीक्षाका साथ अघि बढ्ने विज्ञप्तिमा प्रतिबद्धता जनाइएको छ ।

नेताहरुले विज्ञप्तिमा भनेका छन् , 'निर्वाचनमा सहभागी सम्पूर्ण मतदातालाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दै प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा निर्वाचित सम्पूर्ण सदस्यहरुलाई हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।'

सत्तारुढ गठबन्धनको तर्फबाट जारी विज्ञप्तिमा शान्तिपूर्ण रुपले निर्वाचन सम्पन्न गरेकोमा नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्दै निर्वाचन आयोग, निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारी, सुरक्षा निकाय, निर्वाचनमा सहभागी राजनीतिक दल, नागरिक समाज, संचारकर्मी, राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक लगायत सबैलाई समेत हार्दिक धन्यवाद व्यक्त गरिएको छ ।







# डेढ दशकमा ६४ प्रतिशत सम्पन्न भयो राजमार्ग

काठमाण्डु । मध्यपहाडको समृद्धिको आधारका रुपमा रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्गको निर्माण शुरु भएको डेढ दशकमा ६४ प्रतिशत पूरा भएको छ ।

आयोजनाको पहिले तोकिएको अवधि सकिएको छ वर्ष नाघीसक्दा पनि कतिपय खण्डमा सडक कहाँबाट बनाउने (रेखाङ्कन)मा नै अन्योल छ । पहिले बूढीगण्डकी नदीको नजिकै सडकको रेखाङ्कन रहेको भने ऊर्जा तथा जलस्रोत मन्त्रालयले सो स्थानमा जलाशययुक्त आयोजना निर्माण गर्ने योजना बनाएका कारण अझै अन्योल भएको आयोजनाका सूचना अधिकारी



सुरज अधिकारीले बताउनुभयो ।

केही समय पहिलेसम्म कास्कीमा पनि रेखाङ्कनको अन्योल भए पनि अहिले त्यो समाधान भइसकेको उहाँको भनाइ छ ।

आयोजनाअन्तर्गत झण्डै चार सय १५ किमी सडक निर्माण र २५ पुल निर्माण गर्न बाँकी रहेको उहाँको भनाइ छ । त्यसमध्ये पनि दुई सय पाँच किमी सडक र १९ पुल निर्माणका लागि ठेक्का सम्झौता हुन बाँकी छ ।

चालु आर्थिक वर्षमा मात्रै तीन सय ५७ किमी सडक कालोपत्र, १८ पुल निर्माण र एक सय ३४ दशमलव पाँच किमी सडक निर्माणका लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने आयोजनाले जनाएको छ । पछिल्लो पटक थप भएको अवधि चालु आवको अन्तिमसम्म भए पनि त्यो अवधिसम्म ठेक्का भइसक्नसमेत कठिन देखिएको छ ।

मन्त्रिपरिषद्को निर्णयबाट कास्कीमा पर्ने एउटा खण्डमा रेखाङ्कन परिवर्तन भएको छ । भैँसे-ज्याम्दु-मेलबोट-पानीघाट-आन्टीघर-अर्मलाकोट-काली खोला पुल-अमला बिसौनी-लामाचौर-जौबारी-याम्दी पुल खण्डमा सडक निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो।सो खण्डको लम्बाइ ३८ किमीछ।

बूढीगण्डकीमा जलाशययुक्त आयोजना अझै सात/आठ वर्ष नबन्ने भएकाले सडक अघि बढाउनु भनी ऊर्जा मन्त्रालयले पत्र पठाएको सूचना अधिकारी अधिकारीले बताउनुभयो ।

ठेक्का लगाउन बाँकी खण्डमा पनि सडक निर्माणका लागि प्रक्रिया अघि बढाइरहेको छ । कास्कीमा ठेक्का सकिएर मूल्याङ्कनका क्रममा छ भने सिन्धुपाल्चोकको बाहुनेपाटी ठेक्का अघि बढाइएको उहाँले बताउनुभयो ।

राजमार्गको दुई खण्डमा पहिले ग्राभेलको ठेक्का सम्पन्न नभएकाले पनि कालोपत्रका लागि ठेक्का गर्न नसकिएको सूचनाअधिकारी अधिकारीले जानकारी दिनुभयो ।

दोलालघाट नेपालथोकको खण्डमा ग्राभेलको ठेक्का चालू रहेकाले त्यो सकिएपछि नै नयाँ ठेक्कामा जान सकिनेछ ।

अझै पनि वनको समस्या धेरै खण्डमा रहेको आयोजनाले जनाएको छ। रुख काट्नका लागि पहिले वातावरणीय अध्ययन स्वीकृत गर्नुपर्छ र पछि त्यो खण्डमा काम गर्दा रुख काट्नका लागि छुट्टै फाइल उठेर मन्त्रालय गएर त्यहाँबाट मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्छ ।

पहिले वातावरणीय अध्ययन स्वीकृत गरेर काम सुरु गर्ने तर जङ्गल क्षेत्रमा पुगेपछि पुनःकाट्नका लागि अनुमति लिनुपर्ने उहाँको भनाइ छ । अहिले गोरखाका धेरै खण्ड, लमजुङ र नुवाकोटमा बनका कारण ढिलाइ भइरहेको उहाँले बताउनुभयो

आयोजनामा निर्माण सामग्री उत्खननमा विवाद, मुआब्जा विवाद र सडक सीमा कायम नहुनु पनि समस्याका रुपमा रहेको आयोजनाले जनाएको छ । सरकारले घर तथा, टहराको मात्रै क्षतिपूर्ति दिन्छ तर जग्गाको दिँदैन । कतिपय ठाउँमा नजिकैमा वैदेशिक लगानीका आयोजनामा जग्गाकोसमेत क्षतिपूर्ति दिने भएकाले स्थानीयवासीले माग गर्ने गरेको अधिकारीले बताउनुभयो ।

आव २०६४/६५ मा सुरु भएको सडक आव २०७३/७४ मा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । त्यस यता पटकपटक अवधि थप हुँदै आएको छ । पछिल्लो पटक आगामी असार मसान्तसम्मका लागि अवधि थप भएको छ ।

राष्ट्रिय यातायात नीति २०५८ मा पूर्व-पश्चिम राजमार्गको विकल्पका रुपमा मध्य पहाडबाट अर्को राजमार्ग निर्माण गर्ने उल्लेख थियो ।सोहीबमोजिम सरकारले मध्यपहाड (पुष्पलाल राजमार्ग नामकरण गरी विसं २०६४/६५ देखि आयोजना कार्यान्वयन सुरु गरेको हो ।

सरकारले विसं २०६५ फागुन २६ गते रेखाङ्कन स्वीकृत गरेको थियो ।

मध्य पहाडका २६ जिल्लालाई जोड्ने सो राजमार्गले दुई सय १५ बस्ती जोड्ने र झण्डै एक करोड मानिस लाभन्वित हुने अनुमान गरिएको छ ।

सरकारले आव २०६७/६८ देखि पूर्वी र पश्चिमी खण्डमा विभाजन गरी आयोजना निर्माण अघि बढाएको थियो भने हाल पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालयअन्तर्गत पाँच योजना कार्यालय छन् ।

पहिले पूर्वी र पश्चिमी खण्डमा बिभाजन गरी आयोजना निर्माण अघि बढाएको थियो भने हाल पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालयअन्तर्गत पाँच योजना कार्यालय रहेका छन् ।

# स्वयंसेविका दिवस मनाइयो

**टुडे समाचारदाता**

रौतहट । रौतहटका १८ पालिकामा विभिन्न कार्यक्रमको आयोजना गरी १९ औ अन्तर र्ष्ट्रिय स्वयंसेविका दिवस मनाइएको छ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रतिबद्धता,स्वास्थ्य प्रवर्द्धनमा हाम्रो एक्यबद्धता भन्ने मूल नाराका साथ दिवस मनाइएको छ।

स्थानीय तहका स्वास्थ्य शाखाको आयोजनामा महिला स्वयंसेविकाहरुको सहभागितामा दिवस मनाइएको छ।

दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममा महिला स्वयंसेविकाहरुलाई दोसल्ला ओढाएर सम्मानित गर्दै पारिश्रमिकमा वृद्धिसमेत गरिएको छ।

वृन्दावन नगरपालिकाका नगर प्रमुख विनोद प्रसाद कुर्मीले महिला स्वयंसेविकाहरुलाई पहिलादेखि पाउँदै आएको पारिश्रमिकमा १ हजार थप गर्ने आश्वासनसमेत दिए।

र ा ज द े व ी नगरपालिका , गौर नगरपालिका , परोहा नगरपालिका , राजपुर नगरपालिका , गरुडा नगरपालिका , बौधिमाई नगरपालिका , माधव नारायण नगरपालिका,ईशनाथ नगरपालिका लगायतका पालिकाहरुमा महिला स्वयंसेविकाहरुलाई सम्मानित गरिएको छ।

य सै बी च , स प्त री को राजविराजमा महिलाहरुलाई स्यानिटरी प्याड वितरण गरेर अन्तर्राष्ट्रिय स्वयंसेविका दिवस मनाइएको छ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत मूल समारोह समितिको आयोजनामा राजविराजस्थित शहीद दशन





'स्वयंसेविकामार्फत एक्यबद्धता' नाराका साथ बाटो हिँडने महिला



चोकमा अधिकारकर्मीहरुले स्यानिटरी प्याड वितरण गरेर स्वयंसेविका दिवस मनाएका छन्।

र किशोरीहरुलाई प्याडको प्रयोग र उपयोगिता बारे जानकारी दिँदै अधिकारकर्मीहरुले लैङ्गिक हिंसा नगर्न र नसहन अपिल गरेका छन् । गजेन्द्रनारायण सिंह अस्पतालबाट उपलब्ध एक सय २० पोका र ग्रिन नेपालबाट उपलब्ध ८४ पोका स्यानिटरी प्याड वितरण गरिएको ग्रिन नेपालका कोषाध्यक्ष दीपक दासले जानकारी दिए।

स्वयंसेविकाको माध्यमबाट सकारात्मक परिवर्तन ल्याउने सामूहिक मानवताको शक्तिलाई प्रकाशपार्न र महिनाबारी सम्बन्धमा रहेको गहिरो अन्धविश्वास, डर र मौनतालाई तोड्न सडकपेटीमा बसेर स्यानिटरी प्याड वितरण गरिएको इन्सेक प्रतिनिधि मनोहर पोखरेलले बताए । महिनाबार ीसंग जोडेर कुनै पनि किसिमको छुवाछुत, विभेद,दुर्व्यवहार वा हिंसा गर्न नहुने र मर्यादापूर्वक जिउन पाउनु पर्नेमा सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लालदासले जोड दिए।

महिनावारीले हाम्रो वरपर भएका मिथ्या, भ्रम, कुसंस्कारलाई फोर्दै, चिर्दै सशक्तिकरण गर्न स्यानिटरी प्याड वितरण गरिएको ओसिएमसी कि फोकल पर्सन मनिषा सिम्खडाले बताइन ।

बढ्दो असमानताले उत्पन्न समस्याको साझा समाधान खोज्नका लागि मिलेर कामगर्न आवश्यक छ भनी सन्देश दिन राज्यका प्रतिनिधि र गैरराज्य संघ संस्थाका स्वयंसेविकाहरू एक्यबद्ध भएर अभियानका सहभागी रहेको आयोजक समितिले जनाए।

महिनाबारी निषेध, लाज, बार्नुपर्ने अभ्यास वा विभेदका कारण महिनाबारी हुने व्यक्तिको सशक्तिकरण, स्वास्थ्य, शिक्षा, रोजगार, आदिमा अल्पकालीन र दिर्घकालीन रुपमा असर पार्दै सिंगो परिवार र समाजलाई असर पारिरहेको छ।

# कार्यालय अगाडि धर्ना

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको कमला नगरपालिकामा शिक्षकहरुले सोमबारदेखि नगरपालिकाको कार्यालय अगाडि धर्ना सुरु गरेका छन् ।





चालु आर्थिक वर्षको ५ महिना वितिसक्दा पनि अहिलेसम्म कुनै प्रकारको तलबभत्ता नपाएको भन्दै शिक्षक कर्मचारीहरु आन्दोलित भएका छन् ।

शिक्षक कर्मचारीहरु पटक पटक विद्यालय निर्वाध संचालनको लागि समयमै तलबभत्ता उपलब्ध गराउनुपर्ने माग राखेपनि कमला नगरपालिकाका मेयर विशेश्वर प्रसाद यादव टार्दै आएका छन् ।

यसअघि समेत तालाबन्दी गर्न लागेका शिक्षक कर्मचारीहरुलाई मेयर यादवले ललाई फकाई गरी तालाबन्दी गर्न दिएनन् भने उनीहरुको समस्यासमेत सामाधान गर्न सकेनन् ।

तलबकै भरमा घर परिवार चलाउने सामुदायिक विद्यालयका शिक्षकहरुले विगत ५ महिनाको तलब पाउनुपर्ने भन्दै आन्दोलित भएका थिए ।

यसअघि बालबालिकाहरुको भविष्यलाई हेर्दै शिक्षकहरुले विद्यालय निरन्तर संचालन राखेपनि अब विद्यालयको पठन पाठन नै ठप्प पार्ने चेतावनी दिएका छन् ।

# 'आवश्यकता अनुसारको योजना ल्याउन आग्रह'



**टुडे समाचारदाता**

जनकपुरधाम । रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसको विकासका लागि क्याम्पस प्रशासनललाई आवश्यक योजना बनाएर ल्याउन नेकपा एमालेकी प्रतिनिधिसभा सदस्य जुली कुमारी महतोले आग्रह गरेकी छन् ।

नेकपा एमालेकी नव निर्वाचित प्रतिनिधिसभा सदस्य महताले सोमबार राराब क्याम्पसमा पुगेर यो राष्ट्रकै धरोहरको रुपमा रहेकाले यसको विकासका लागि कोही पछाडि नपर्ने बताएकी छन् ।

उनले क्याम्पसको आवश्यकताको बारेमा सम्बन्धित निकायसम्म कुरा नै नगएका कारण यसको विकास हुन नसकेको बताइन् । यस अघि आफू समानुपातिक सांसद रहे पनि कसैले राराबको विकासका लागि कुनै योजना लिएरसमेत नआएको बताउँद उनले भनिन् 'यस क्षेत्रबाट आफू निर्वाचित भएकाले यस क्याम्पसको जिम्मेवारी आफूमाथि पनि रहेको छ ।'उनले क्याम्पसमा आवश्यकता रहेको कुरालाई योजनाबद्ध रुपमा प्लानिंग गरी ल्याउन आग्रह गरिन् ।

# सर्लाहीमा १६४ जना उम्मेदवारको जमानत जफत

मलंगवा - मंसिर ४ मा सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनमा सर्लाहीमा १६४ जना उम्मेदवारको जमानत अर्थात् धरौटी रकम जफत भएको छ।

प्रतिनिधि सभा सदस्यतर्फ ५८ जना र प्रदेश सभा सदस्यतर्फ १०६ जनाको जमानत जफत भएको हो। जमानत जोगाउन उम्मेदवारले आफ्नो क्षेत्रमा खसेको कूल सदर मतको कम्तिमा पनि १० प्रतिशत मत पाउनुपर्ने कानूनी प्रावधान छ।

१० प्रतिशत मत ल्याउन नसक्ने उम्मेदवारको धरौटी रकम जफत हुन्छ । सर्लाहीका चारवटै क्षेत्रमा गरी प्रतिनिधिसभा सदस्य तर्फ ६९ जना उम्मेदवार रहेकामा ५८ जनाको र आठवटा प्रदेश सभा सदस्यतर्फ १३३ जना उम्मेदवार रहेकामा १०६ जनाको धरौटी रकम जफत भएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख निर्मल





पोखेलले जानकारी दिए।

प्रतिनिधि सभातर्फ सर्लाही क्षेत्र नम्बर १ बाट १९ जनाले उम्मेदवारी दिएकोमा १६ जना, क्षेत्र नम्बर २ बाट १७ जनाले उम्मेदवारी दिएकोमा १४ जना, क्षेत्र नम्बर ३ बाट १३ जनाले उम्मेदवारी दिएकोमा ११ जना र क्षेत्र नम्बर ४ बाट २० जनाले उम्मेदवारी दिएकोमा १७ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ। त्यसैगरी प्रदेश सभातर्फ सर्लाही १ (क) बाट १८ जनाले उम्मेदवारी दिएकोमा १५ जनाको र १ (ख) मा ११ जनाले उम्मेदवारी दिएकोमा सात जनाको जमानत जफत भएको छ।

त्यस्तै क्षेत्र नम्बर २ (क) मा १३ जनाले उम्मेदवारी दिएकोमा नौ जनाको, २ (ख) मा १८ जनाले उम्मेदवारी दिएकोमा १४ जनाको, क्षेत्र नम्बर ३ (क) मा १७ जनाले उम्मेदवारी दिएकोमा १४ जनाको, ३ (ख) मा १९ जनाले उम्मेदवारी दिएकोमा १६ जनाको जमानत जफत भएको छ। क्षेत्र नम्बर ४ (क) मा १८ जनाले उम्मेदवारी दिएकोमा १६ जनाको र ४ (ख) मा १९ जनाले उम्मेदवारी दिएकोमा १५ जनाको जमानत जफत भएको छ।

प्रतिनिधि सभा र प्रदेश सभामा जिल्लाभर २०२ जना उम्मेदवारमध्ये १० प्रतिशत मत ल्याउने ३८ जना उम्मेदवारको मात्रै जमानत फिर्ता भएको जिल्ला निर्वाचन अधिकारी पोखेलले बताए । प्रतिनिधि सभा सदस्यतर्फ १० हजार र प्रदेशसभा सदस्यतर्फ पाँच हजार उम्मेदवारी दर्ता शुल्क तोकिएको थियो।

महिला, दलित, अल्पसङ्ख्यकको हकमा भने दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइएको थियो।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



औरही गाउँपालिका देउरी गाउँको बाटोमा बेलगाडामा सवार हुँदै यात्रु । अहिले सवारीका थरीथरीका साधन आए पनि पहिले पहिले विशेष गरी तराई मधेशमा बेलगाडालाई नै सवार ीसाधनको रुपमा प्रयोग गरिन्थ्यो । *तस्बिर : रासस*

# लापसे र मापसे गरेर गाडी चलाउने चालक विरुद्ध मुद्दा

काठमाण्डु । प्रहरीले आफ्नो ज्यानका साथै विद्यार्थी एवं यात्रुको समेत जीउ ज्यानलाई जोखिममा पारेर मापसे (मादक पदार्थ सेवान) र लापसे (लागु पदार्थ सेवन) गरेर सवारीसाधान चलाउने चालकलाई कारबाही मात्रै होइन अब मुद्दा चलाउन थालेको छ ।

काठमाण्डु उपत्यकाका विभिन्न क्षेत्रमा सवार ीसाधन जाँच अभियानका क्रममा स्कुलका बस चलाउने चालकले मापसे र लापसे गरेको फेला परेपछि त्यसविरुद्ध आक्रामक रुपमा प्रस्तुत भएको प्रहरीले सार्वजनिक अपराधका साथै सम्बन्धित कसुरमा मुद्दा नै चलाउन थालेको काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका सह-प्रवक्ता एवम् प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले जानकारी दिनुभयो ।

लागुऔषध र मापद पदार्थ खाएर सवारी चलाउनु यात्रुको जीउ ज्यानमा खेलवाड गर्नु हो । त्यसैले त्यसरी सवारी चलाउने चालकलाई मुद्दा नै चलाउन थालिएको छ', उहाँले भन्नुभयो । केही अघि मात्रै काठमाडौँको फर्पिङमा ना १ ज ८४६९ नम्बरको सुमो चालक काभ्रेपलाञ्चोकको पनौतीका ४४ वर्षीय नवराज केसीले मापसे गरेको फेला पऱ्यो । उनलाई प्रहरीले अभद्र व्यवहार गरेको आरोपसहित मुद्दा चलायो । उनीमाथि कीर्तिपुर प्रहरीले अदालतबाट म्याद थप गरेरै कारबाही प्रक्रिया अघि बढाएको छ । आइतबार पनि त्यसैगरी लागुऔषध सेवन गरेर सवारीसाधन चलाएका पाँच चालक फेला परे । उनीहरु विरुद्ध पनि लागुऔषध सेवनको कसुरमा पाँच दिन म्याद थप गरेर मुद्दा अघि बढाइएको प्रहरीले जनाएको छ । लागुऔषध सेवन गरी सवारीसाधन चलाएको फेला परे पनि उनीहरुलाई काठमाण्डुको तार्केश्वर नगरपालिका-८ शेषमती पुलबाट नियन्त्रणमा लिइएको थियो ।

यस्ता घटनाहरु पछिल्ला समयमा बढ्दो क्रममा देखिएकाले कडाइका साथ अभियान चालिएको प्रहरीले जनाएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वर र नेपाल प्रहरी अस्पतालको संयुक्त टोली नै यस अभियानमा खटिने गरेको छ ।

यसरी मुद्दा चलाइएकामा दीपेश सुनुवार, रोशन तामाङ, प्रलाद लामा, मोहन विक र अमित थापा मगर रहेका छन् । उनीहरुलाई किटको प्रयोग गरी पिसाब जाँच गर्दा लागुऔषध सेवन गरेको पाइएको थियो । उनीहरुमाथि प्रहरी वृत्त बालाजुले थप अनुसन्धान समेत गरिरहेको छ । मापसे र लागुऔषध सेवन गरी सवारीसाधन चलाउँदा दुर्घटना बढ्ने र यसले जीवन क्षतिको जोखिम पनि हुने भएकाले सम्भावित जोखिम कम गर्न उक्त अभियान थालिएको प्रहरी उपरीक्षक क्षेत्रीले बताउनुभयो । रासस

# 'जनस्वास्थ्यका सूचना प्रवाहमा स्वयंसेविकाको भूमिका महत्वपूर्ण'



**टुडे समाचारदाता**

जनकपुरधाम । लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले महिला स्वास्थ्य स्वयंसेविकाले जनस्वास्थ्यका कुरा प्रभावकारीरुपमा जनतासमक्ष पुऱ्याउने गरेको बताएका छन् । स्वास्थ्य शाखाले सोमबार आयोजना १९औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको कार्यक्रममा उनले स्वास्थ्यका सूचना जनतासम्म पुऱ्याउन स्वयंसेविकाले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

'राज्यले स्वास्थ्यका के के सुविधा उपलब्ध गराएको छ । त्यसको जानकारी स्वयंसेविकाले जनतासमक्ष बताउने गरेका छन्', उनले भने-'अझ हामीले स्वयंसेविकालाई जनमुखी बनाउन आवश्यक रहेको छ ।' उनले अहिले पनि सरकारले उपलब्ध गराउने सेवा जनसमक्ष पुऱ्याउने स्वयंसेविकालाई आग्रह गरे ।

मुटु, मिर्गौला, फोक्सो, जस्ता जटिल रोग उपचारबारे सर्वसाधारणलाई अझ थाहा नभएकाले धेरै दुःख पाउने गरेको भन्दै उनले स्वयंसेविकालाई उपचार र सेवाबारे पनि जानकारी गराउनुपर्ने बताए । उनले सरकारले स्वास्थ्यमा विभिन्न प्रकारको सहुलियत दिए पनि सर्वसाधारणलाई थाहा नभएर ति सेवाबाट बञ्चित हुनुपरेको बताए । अध्यक्ष मिश्रले खोप, पोलियो खोपाजस्ता रोग प्रतिरोधात्मकखोपबालबालिकालाई लगाउनका लागि स्वयमसेविकाले पुऱ्याएको योगदान विर्सन नहुने बताए ।

कार्यक्रममा उपाध्यक्ष फुलकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, स्वास्थ्य शाखा प्रमुख नरेशकुमार ठाकुर, दिपेन्द्रकुमार यादव, स्वा. संस्था प्रमुख, फिल्ड कार्यकर्ता र गाउँपालिका अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको उपस्थिीति रहेको थियो ।

# प्रत्यक्षतर्फको सबै नतिजा सार्वजनिक, ५७ सिटसहित कांग्रेस पहिलो




काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको सम्पूर्ण नतिजा सार्वजनिक भएको छ । यही मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएको थियो । निर्वाचन आयोगको विवरणअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फको एक सय ६५ सिटमध्ये नेपाली कांग्रेस ५७ स्थानमा विजयी हुँदै पहिलो दल बनेको छ ।

नेकपा (एमाले) ४४, नेकपा (माओवादी केन्द्र) १८, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी सात/सात, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा नेपाल, मजदूर किसान पार्टी र जनमत पार्टी एक/एक स्थानमा विजयी भएका छन् । प्रतिनिधिसभामा पाँच स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

आयोगको पछिल्लो तथ्याङ्कअनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ राजनीतिक दलका उम्मेदवार विजयी भएका छन् ।

प्रतिनिधिसभामा एक सय ६५ प्रत्यक्ष र एक सय १० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचत हुने व्यवस्था छ ।

प्रतिनिधिसभामा कांग्रेसबाट विश्वप्रकाश शर्मा, दीपक खड्का, सीता गुरुङ, डिगबहादुर लिम्बू, सुनीलकुमार शर्मा, डा शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, रामहरि खतिवडा, डा नारायण खड्का, दिनेशकुमार यादव, तेजुलाल चौधरी, रामकृष्ण यादव, महेन्द्रकुमार राय, देवप्रसाद तिमलसेना, अजयकुमार चौरसिया, रमेश रिजाल, पूर्णबहादुर तामाङ, श्यामकुमार घिमिरे, मोहन आचार्य, रामनाथ अधिकारी, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, सन्तोष चालिसे, गगनकुमार थापा, प्रदीप पौडेल, राजेन्द्रकुमार केसी, दुर्लभ थापा क्षेत्री, उदयशम्शेर राणा र मोहनबहादुर बस्नेत विजयी हुनुभएको छ ।

यस्तै राजेन्द्र बजगाईं, टेकबहादुर गुरुङ, रामचन्द्र पौडेल, शङ्कर भण्डारी, राजु थापा, धनराज गुरुङ, शशाङ्क कोइराला, विष्णुकुमार कार्की, योगेश गौचन थकाली, खमबहादुर गर्बुजा, चन्द्रकान्त भण्डारी, सुरेन्द्रराज आचार्य, दीपक गिरी, किशोरसिंह राठोर, सञ्जयकुमार गौतम, विनोदकुमार चौधरी, ऐनबहादुर शाही ठकुरी, दिक्पालकुमार शाही, पूर्णबहादुर खड्का, हृदयराम थानी, बद्रीप्रसाद पाण्डे, पुष्पबहादुर शाह, वीरबहादुर बलायर, डिल्लीराज पन्त, दीलेन्द्रप्रसाद बडू, शेरबहादुर देउवा, नारायणप्रकाश साउद र रमेश लेखक निर्वाचित हुनुभएको छ ।

एमालेबाट योगेश भट्टराई, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत, सुवासचन्द्र नेम्वाङ, देवराज घिमिरे, लालप्रसाद साँवा लिम्बू, केपी शर्मा ओली, राजेन्द्रकुमार राई, ऋषिकेश पोखरेल, भीमप्रसाद आचार्य, भगवती चौधरी, मानवीर राई, अम्बरबहादुर रायमाझी, रामशङ्कर यादव, लीलानाथ श्रेष्ठ, जुलीकुमारी महतो (महासेठ), रघुवीर महासेठ, लक्ष्मी महतो कोइरी, हरिप्रसाद उप्रेती, अच्युतप्रसाद मैनाली, ज्वालाकुमारी साह र राजकुमार गुप्ता निर्वाचित हुनुभएको छ ।

कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकुलप्रसाद बाँस्कोटा, महेशकुमार बर्तौला, पृथ्वीसुब्बा गुरुङ, मनबहादुर गुरुङ, विद्या भट्टराई, दामोदर पौडेल वैरागी, पदम गिरी, गोकर्णराज विष्ट, नारायणप्रसाद आचार्य, ठाकुरप्रसाद गैरे, टोपबहादुर रायमाझी, छविलाल विश्वकर्मा, विष्णुप्रसाद पौडेल, वासुदेव घिमिरे, बलराम अधिकारी मङ्गलप्रसाद गुप्ता, सूर्यबहादुर थापा क्षेत्री, सूर्यप्रसाद ढकाल, दामोदर भण्डारी र तारा लामा तामाङ विजयी हुनुभएको छ ।

माओवादी केन्द्रका तर्फबाट सुदन किराँती, अमनलाल मोदी, रामकुमार राई, महिन्द्र राय यादव, लेखनाथ दाहाल, हितबहादुर तामाङ, सूर्यमान तामाङ (दोङ), माधव सापकोटा, गङ्गा कार्की, पुष्पकमल दाहाल 'प्रचण्ड', देवेन्द्र पौडेल, पूर्णबहादुर घर्तीमगर, वर्षमान पुन, रेखा शर्मा, महेन्द्रबहादुर शाही, छिरिङ डम्डुल लामा (भोटे), शक्तिबहादुर बस्नेत र जनार्दन शर्मा हुनुहुन्छ ।

एकीकृत समाजवादीबाट माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, राजेन्द्रप्रसाद पाण्डे, मेटमणि चौधरी, प्रकाश ज्वाला, धनबहादुर बुढा, अम्मरबहादुर थापा, शेरबहादुर कुँवर, भानुभक्त जोशी र प्रेमबहादुर आले, जसपाबाट अशोककुमार राई, नवलकिशोर साह सुँडी, राजकिशोर यादव, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, रामसहायप्रसाद यादव र प्रदीप यादव निर्वाचित हुनुभएको छ ।

राप्रपाबाट राजेन्द्रप्रसाद लिङ्देन, दीपकबहादुर सिंह, विक्रम पाण्डे, दीपक बोहरा, धवलशम्मशेर राणा, ध्रुवबहादुर प्रधान र ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, तोसिमा कार्की, हरि ढकाल र रवि लामिछाने, लोसपाबाट शरत्सिंह भण्डारी, महन्थ ठाकुर, रामप्रकाश चौधरी र सर्वेन्द्रनाथ शुक्ला विजयी हुनुभएको छ ।

यसैगरी नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ, अरुनकुमार चौधरी र गङ्गाराम चौधरी, राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी, नेपाल मजदूर किसान पार्टीबाट प्रेम सुवाल, जनमत पार्टीबाट चन्द्रकान्त राउत तथा स्वतन्त्ररुपमा योगेन्द्र मण्डल, अमरेशकुमार सिंह, किरणकुमार साह, प्रभु साह र लालवीर चौधरी निर्वाचित हुनुभएको छ ।रासस

# प्रत्यक्षतर्फ प्रदेशसभामा १११ स्थानसहित कांग्रेस पहिलो

काठमाण्डु । सातवटै प्रदेशसभाको तीन सय ३० निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको परिणाम सार्वजनिक भएको छ ।

प्रदेशसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेस चार र नेकपा एमाले दुई प्रदेशमा ठूलो दल बनेको छ । मधेस, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा कांग्रेस पहिलो पार्टी बन्दा एमाले प्रदेश नं १ र लुम्बिनी प्रदेशमा पहिलो बनेको छ । कर्णाली प्रदेशमा प्रत्यक्षतर्फ कांग्रेस र नेकपा (माओवादी केन्द्र) समान नौ/नौ स्थानमा विजयी भएका छन् ।

प्रदेशसभामा एक सय ११ स्थानमा विजयी हुँदै नेपाली कांग्रेस ठूलो दल बनेको छ । नेकपा (एमाले)ले ९१, नेकपा (माओवादी केन्द्र)ले ५४, नेकपा (एकीकृत समाजवादी) ले १५, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी नेपालले ११/११, लोकतान्त्रिक समाजवादी पार्टीले नौ, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले सात/सात तथा नेपाल मजदुर किसान पार्टी र हाम्रो स्वाभिमान पार्टीले एक/एक स्थानमा जित हासिल गरेका छन् । प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगले जनाएको छ । प्रदेश नं १ को प्रत्यक्षतर्फको ५६ सिटमा कांग्रेस १७, एमाले २५, माओवादी केन्द्र नौ र एकीकृत समाजवादी दुई तथा मधेस प्रदेशको ६४ सिटमा कांग्रेस १३, एमाले १५, जसपा नौ, लोसपा सात, जनमत पार्टी छ, माओवादी केन्द्र र एकीकृत समाजवादी चार/चार स्थानमा विजयी भएका छन् । मधेस प्रदेशसभामा छ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

बागमती प्रदेशसभाका ६६ सिटमा कांग्रेस २५, माओवादी केन्द्र १४, एमाले १३, राप्रपा सात, एकीकृत समाजवादी पाँच तथा नेमकिपा र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा तथा गण्डकी प्रदेशसभाका ३६ सिटमा कांग्रेस १८, एमाले १२, माओवादी पाँच र एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । लुम्बिनी प्रदेशसभाका ५२ क्षेत्रमा एमाले १८, कांग्रेस १७, माओवादी पाँच, राप्रपा, जसपा, लोसपा र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनमत पार्टी एक तथा तीन स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् ।

कर्णाली प्रदेशसभाका २४ सिटमा कांग्रेस र माओवादी नौ/नौ, एमाले पाँच र स्वतन्त्र एक तथा सुदूरपश्चिम प्रदेशसभाका ३२ क्षेत्रमा कांग्रेस १२, माओवादी केन्द्र आठ, नागरिक उन्मुक्ति पार्टी पाँच, एमाले र एकीकृत समाजवादी तीन/तीन तथा एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।रासस

# माओवादी अध्यक्ष दाहालसँग गृहमन्त्रीको भेट

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग गृहमन्त्री बालकृष्ण खाणले आज भेटवार्ता गर्नु भएको छ । ललितपुरको खुमलटारस्थित दाहाल निवासमा भएको भेटमा वर्तमान समसामयिक राजनीतिक विषयमा छलफल भएको गृहमन्त्रीका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिनुभयो । भेटमा पाँच दलीय गठबन्धनलाई निरन्तरता दिनेबारे छलफल भएको र दुवै नेता गठबन्धनलाई निरन्तरता दिन सकारात्मक रहेको बताइएको छ ।

निर्वाचनमा गठबन्धन गरेका दलहरूले पाँच वर्षसम्मै गठबन्धनकै माध्यमबाट मुलुकको विकास गर्न एकजुट भएर लाग्नुपर्नेमा जोड दिएको दिँदै आएका छन् ।रासस

# संसदीय अभ्यास र समाचार सम्प्रेषण अनुभव आदानप्रदान

विराटनगर । संसदीय पत्रकार मञ्च प्रदेश नं १ द्वारा सोमबार यहाँ आयोजित 'संसदीय अभ्यास र समाचार सम्प्रेषण अनुभव आदानप्रदान' विषयक कार्यक्रम सुरु भएको छ ।

प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले उद्घाटन गर्नुभएको दुई दिने सो कार्यक्रममा सातवटै प्रदेशका संसदीय पत्रकार मञ्चका सञ्चारकर्मीको सहभागिता छ । संसद्का समाचार सङ्कलन गर्ने पत्रकारले संसद्मा भोगेका तीतामीठा अनुभव, प्राप्त ज्ञान, सत्तापक्ष, प्रतिपक्ष एवं विषयगत समितिले खेलेका भूमिका, संसद्मा सांसदहरुले प्रयोग गर्ने शून्य समय तथा विशेष समयका विषयबारे अनुभव साटासाट गर्नु कार्यक्रमको उद्देश्य रहेको छ ।

सो अवसरमा सचिव पराजुलीले प्रदेशसभाले थोरै समयमा धेरै काम गरेको बताउनुभयो । उहाँले पाँच वर्षभित्रै प्रदेश नं १ मा संशोधनसहितको ६२ कानुन, प्रदेशसभा भवन निर्माणदेखि विकासका काम भएको जानकारी दिनुभयो । आयोजक मञ्चका अध्यक्ष गणेश लाम्सालको अध्यक्षतामा भएको सो कार्यक्रमा नेपाल पत्रकार महासङ्घ प्रदेश नं १ का अध्यक्ष लीलाबल्लभ घिमिरे, महासङ्घका पूर्वअध्यक्ष विक्रम लुँइटेल, मञ्चका उपाध्यक्ष बाबुराम भण्डारी, युएनडिपीका प्रतिनिधि डिलादत्त पन्त र नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका अध्यक्ष सञ्जीव खनालले आ-आफ्नो विचार राख्नुभएको थियो ।रासस

# वैकल्पिक व्यवस्था गर्न सुकुम्बासीको आग्रह

काठमाण्डु । सुकुम्बासीले आफूहरूलाई बस्नका लागि वैकल्पिक व्यवस्था गर्न सरकारसँग आग्रह गरेका छन् ।


बागमती नदी किनाराका सुकुम्बासीले आज माइतीघरदेखि नयाँबानेश्वरसम्म पदयात्रा गरी आफूहरूलाई बस्नका लागि वैकल्पिक व्यवस्था गर्न सरकारलाई आग्रह गरेका हुन् । कार्यक्रममा सञ्चारकर्मीसँग कुरा गर्दै संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा नेपालका अध्यक्ष कुमार कार्कीले वर्षौंदेखि बसोबास गरिरहेको जमिनमा वैकल्पिक व्यवस्था गर्न माग गर्नुभयो ।

"वैकल्पिक व्यवस्था बिना गरिएको उठिबास सह्य हुँदैन, वैकल्पिक बसोबास बिनाको उठिबास नागरिक अधिकारमाथिको हनन हो', उहाँले भन्नुभयो ।

उहाँले सुकुम्बासी विध्वंसकारी नभएको भन्दै देश विकास र निर्माणका शक्ति सुकुम्बासी भएको बताउनुभयो ।

अध्यक्ष कार्कीले सरकारले सुकुम्बासीहरूको वार्ता र सहमतिको ढोका बन्द गरेको भन्दै वार्ताबाट समस्याको समाधान गर्न आग्रह गर्नुभयो ।

यही मङ्सिर १२ गते अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिको पहलमा काठमाडौँ महानगरपालिका डोजर लिएर सुकुम्बासी बस्ती भत्काउन पुगेदेखि बस्तीमा असहज परिस्थिति सिर्जना भएको थियो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# गाँजाको अवैध धन्धा

नेपालमा गाँजाको उत्पादन र बिक्री बर्षौदेखि हुँदै आएकोछ ।गाँजा उत्पादन र बिक्री पञ्चायतकालमा अवैध थिएन् ।त्यस बखत गाँजाका लागि सिरहा जिल्ला प्रख्यात थियो ।सिरहा जिल्लामा उत्पादित गाँजा माडर नाका हुँदै भारतको जयनगर भएर बिभिन्न स्थानमा पुग्ने गरेको थियो ।बुढापाकाहरुको कथन अनुसार माडरमा ओसारपसार गर्ने रिक्सा चालकहरुले पनि खाजामा रसभरी खान्थे ।गाँजाको खेती गरेर कयौं किसानहरु जमिन्दार बने ।पञ्चायत व्यवस्थामै गाँजा खेतीलाई अवैध घोषणा गरिएपछि चोरीलुकी खेती हुन थाल्यो ।महोत्तरी, पर्सा, बारा लगायतका जिल्लामा पनि गाँजाको खेती व्यापक हुने गरेको थियो ।तर सरकारले कडाई गरेपछि त्यस जिल्लामा गाँजाको खेती एकप्रकारले बन्द भइसकेको छ ।हाल गाँजाको खेती मकवानपुर, चितवन लगायतका जिल्लाहरुमा मौलाएको छ ।त्यस भेगमा उत्पादन हुने गाँजा रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाबाट हाल भारतमा जाने गरेको छ ।नेपालमा गाँजालाई अवैध मानिएको छ ।भारतमा पनि गाँजाले वैधता पाएको छैन् ।तर नेपालबाट चोरीलुकी भारतमा भारी मात्रामा गाँजा जाने गरेको छ ।नेपालमा उत्पादन हुने गाँजालाई भारतमा पुऱ्याउँदा मोटो रकममा बिक्री हुने गरेको छ ।गाँजाको अवैध धन्धामा नेपाल र भारतका तस्कर र दलालहरु लगेका छन् ।पर्सा जिल्लामा गाँजा खेती हुँदा भारतीय तस्करहरुले किसानलाई पूँजी समेत उपलब्ध गराउँथे ।तर अहिले पर्सा जिल्लामा गाँजा खेती प्रायः हुँदैन् ।मकवानपुर र चितवन जिल्लामा ठूलो क्षेत्रफलमा गाँजाको खेती हुने गरेको छ ।नेपालबाट भारत तर्फ तस्करी हुने गाँजालाई प्रहरीले कयौ पटक नियन्त्रणमा पनि लिने गरेको छ ।तर प्रहरीलाई छलेर नियमित रुपमा गाँजा तस्करी हुने गरेको देखिन्छ ।हुनत कतिपय बेला प्रहरी संरक्षणमा पनि अवैध धन्धा भएको देखिन्छ ।नेपालमा गाँजा तस्करी बढेकै हो ।गाँजा तस्करीलाई नियन्त्रण गर्न सरकारले अनेक कदम चालेको छ ।तर त्यो अझै पूर्ण सफल भएको छैन् ।हुनत देशमा गाँजाखेतीलाई वैधता दिन संसदमा आवाज उठ्न थालेको छ ।संसदमा विधेयक पनि दर्ता भइसकेको अवस्था छ ।अवैध रुपमा उत्पादित गाँजा तस्करी हुँदा देशलाई कुनै प्रकारको कर प्राप्त हुँदैन् ।गाँजा खेतीका लागि सरकारले इजाजत दिने र उत्पादित गाँजालाई औषधी कारखानाहरुलाई बिक्री गर्दा त्यसबाट राज्यले अत्यधिक राजस्व असुल गर्न पाउने छ ।अवैध गाँजालाई नियन्त्रण गर्न सरकारले सुरक्षा संयन्त्रलाई परिचालन गर्नु भन्दा इजाजत दिएर खेती गराउनु राष्ट्रका लागि हितकारी हुन सक्छ। वैध रुपमा उत्पादित गाँजाको निर्यात पनि वैध रुपमा हुनेछ ।गाँजा खेती गर्ने किसानले पनि उचित मूल्य पाउने छन् ।यस तर्फ सरकारले सोच्नु आवश्यक छ।

# जीवनसाथी रोज्ने मनोविज्ञान



डा वैकुण्ठरमण सुवेदी

विविध प्रकारले समग्र जीवनमा दुरगामी प्रभाव पार्ने एवं खुशी र सुखद जीवनको प्रमुख आधार समेत भएकोले बिवाहको निर्णय एक रमाइलो तर अती चुनौतिपूर्ण निर्णय हुने गर्छ। दाम्पत्यमा चिसोपन र तद्जन्य पारिवारिक समस्या धेरैको लागि तनावको एक प्रमुख स्रोत हुने गरेको पाइएको छ। पाश्चात्य मुलुकहरुमा लगभग दुई बैवाहिक सम्बन्धमा एक सम्बन्ध असफल हुने गरेको चिन्ताजनक तथ्यौँक छ। सामाजिकीकरण प्रकृयामा पश्चिमा मान्यताहरुको अत्यन्त बढ्दो प्रभाव र प्रेम सम्वन्धहरुको सहज सम्भावनासँगै नेपाली युवा युवतीहरुको लागि जीवनसाथी रोज्ने वा बन्ने निर्णय प्रकृयामा थप सजगता आवश्यक भएको छ।

मनोवैज्ञानिक अध्ययनहरुका अनुसार दीगो सम्वन्धहरुको मूल आधार परिस्थिति वमोजिमको लचकता, भावनात्मक संबेदनशिलता, सम्वन्ध प्रतिको यथार्थपरक दृष्टिकोण एवं त्यसमा आधारित सँवादको शैली हुनेगर्छ। अर्थात, सम्बन्धको दीगोपनको लागि व्यक्तिको 'प्रोफाइल' भन्दा उसको ब्यवहारको शैली बढी महत्वपूर्ण हुन जान्छ। बैवाहिक जोडीमा यस्ता गुणहरु भएमा माागी बिवाह पनि प्रेम बिवाह जस्तै सुखद र सफल हुन सक्छन। विवाह गरेको ब्यक्तिसँग रोमान्स गर्न जान्नु अती महत्वपूर्ण कला हो जुन दुवै प्रकारको विवाहमा अत्यावश्यक हुन्छ। बिवाह प्रतिको बदलिँदो मान्यता र प्रेम बिवाहको बढ्दो क्रम सँगै अहिले आफ्नो आकांक्षा र चाहना अनुरुपको प्रेमी वा जीवन साथी रोज्ने अवसर धेरैलाई उपलब्ध भएको छ। प्रबिधी र सामाजिक सञ्जालको पहुँचले समेत यसलाई थप सहज बनाईदिएको छ। यो अवसरको सही सदुपयोग सफल, सुखद र दीगो दाम्पत्यको एक वलियो सुरुवात बन्न सक्छ।

### आँनो प्रेम कुन प्रकारको हो स्पष्ट हुनुहोस ।

एक अर्कालाई राम्रो सँग बुझ्ने अवसर प्राप्त हुने प्रेम बिवाह असफल हुन सक्ने एउटा मूल कारण किशोरकिशोरी वा युवा युवती बिच प्रेमको विषयमा पाइने गरेको अस्पष्टता र अवास्तविक धारणा हो। धेरैले पहिलो नजर एवं भेटको सहज आकर्षण र रोमाञ्चक अनुभवलाई नै साँचो प्रेम वा 'डिभाइन लभ' मान्ने गर्छन। अन्य कतिपयले आफ्नो प्रेम सम्बन्धलाई इश्वरीय खटनको उपज मान्ने र सम्बन्धको भविष्य राम्रो नदेखाउने स्पष्ट सँकेतहरुलाइ समेत नजर अन्दाज गर्दै जाने हुन्छन। विभिन्न अध्ययनहरुको निश्कर्षका अनुसार प्रेमका तीन प्रमुख अवयवहरु हुने गर्छन। मनोविज्ञानमा आम रुपमा स्विकार गरिएको प्रेमको 'स्टर्नबर्गको सिद्धान्त' का अनुसार 'प्यासन' अर्थात शारीरिक आकर्षण एवं रोमाञ्चकता प्रेमको पहिलो तत्व हो। यसको दोस्रो अवयव 'इन्टिमेसी' अर्थात गहिरो भावनात्मक निकटता, सहजता, सम्मानको भाव र 'केयरीङ्ग' व्यवहार हो।

साथै, प्रेमको तेस्रो अवयव समर्पणको विवेकपूर्ण निर्णय हो। 'स्टर्नबर्गका' का अनुसार यी अवयवहरुकै विश्लेषणको आधारमा प्रेम कस्तो प्रकारको हो र त्यस्तो सम्बन्धको भविष्य कस्तो होला भन्ने कुरा समेत एकहद सम्म अनुमान गर्न सकिन्छ। शारीरीक आकर्षण र रोमाञ्चकताको प्रभाव बढी भएको तर इन्टिमेसी र समर्पणको भाव अत्यन्त कम हुने 'प्यासनेट प्रेम' सामान्यतः अस्थाई प्रकृतीको भईदिन सक्छ। क्षणिक रोमान्स प्रति बढी लक्षित हुने कारणले यस्तो प्रेम छिटैनै अर्थहीन एवं नीरस लाग्न सक्ने सम्भावना रहन्छ।

प्यासन भन्दा इन्टिमेसी र समर्पणको प्रधान्यता भएको प्रेम दीगो र सुदृढ हुने गर्छ। यस्तो प्रेमको प्रमुख अधार शारीरीक र बाहिरी आकर्षण भन्दा मानसिक र आत्मिक स्तरमा अनुभव हुने सहजता हो। यसै सहजताका कारण यस्तो सम्बन्धमा इर्ष्या र असुरक्षाको भावना अत्यन्त कम रहने गर्छ। बैवाहिक सम्बन्धको दृष्टिकोणले यस प्रकारको 'कम्पानियोनेट प्रेम' आवश्यक र उपयुक्त मानिएको छ। सुरुका दिनहरुमा अधिकतर प्रेम 'प्यासनेट प्रेम' नै हुने गर्छन। त्यो आफैमा नराम्रो कुरा होइन। तर समयसगै त्यो प्रेम 'कम्पानियोनेट प्रेम' तर्फ विकसित भइरहेको छ की छैन भन्ने कुरा जीवन साथी बन्ने निर्णयको लागि अती महत्वपूर्ण विषय हो।

### एकअर्कालाई वास्तविक रूपमा बुझ्नको लागि पर्याप्त समय साग़ै बिताउनुहोस

अनुसन्धानकर्ताहरुले मष्तिष्कमा पाइने परिवर्तन र प्रभावको आधारमा प्रेमको सुरुको अवस्था अर्थात 'प्यासनेट प्रेम' को चरणलाई एक नशाको अवस्थासँग तुलना गरेका छन। 'लभ इच ब्लाइन्ड' भन्ने परम्परागत भनाईसँग मनोवैज्ञानिकहरु यस अर्थमा सहमत हुने गर्छन। हर्मोनको विशिष्ट प्रभावको कारण यस चरणमा बस्तुनिष्ठ भई सम्बन्धको भविश्यको बारेमा सोच्ने एवंं वेकपूर्ण निर्णय लिने व्यक्तिको क्षमतामा वास्तवमै कमी आएको हुन सक्छ। यस प्रकारको प्रभाव हुने प्यासनेट प्रेमको औषत समय सामान्यतः एकदेखी दुई वर्षको हुने गर्छ। यसैकारण बिवाहको निर्णय लिनको लागि प्रेम सम्बन्धमा कमसेकम एक वर्ष बिताउनु मनोवैज्ञानिक दृष्टिकोणबाट उपयुक्त मानिएको छ। गोप्य राखिनुपर्ने बाध्यता भएका प्रेम सम्बन्धहरुको सन्दर्भमा भने यो चरण लामो हुन सक्छ।

'इन्गेजमेन्ट' को व्यवहारीक प्रयोजनसमेत मूलतः एक अर्कालाई वास्तविक रुपमा बुझ्नको लागि पर्याप्त समयसँगै बिताउनु नै हो। अर्थात, एक अर्कालाई मन पराउने 'इम्प्रेसन म्यानेजमेन्ट' को चरण समाप्त भएपछि एक अर्काका ब्यवहारिक पक्षका कुशलता र कमजोरीहरु थप जान्ने अवसर हो यो। 'प्यासनेट प्रेम' को चरणमा प्रेमीलाई सकारात्मक प्रभाव र खुसी पार्ने उदेश्यले स्वभावतः व्यक्तिहरुले तयारीका साथ अत्यन्त आकर्षक र राम्रो व्यवहार प्रस्तुत गरीरहेको हुन्छन। एक अर्काका गल्ति र कमजोरी सामान्य र सहज रुपमा स्विकार्न सक्छन। नराम्रा पक्ष नजर अन्दाज गर्न सकिने ठान्छन। प्रेमको पछिका चरणहरुमा भने प्रेमीका सबै कुरा सकारात्मक देखिने यो रँगिन चश्मा सामान्यतः हराएर जाने गर्छ। प्रेमीको वास्तविक ब्यक्तित्व, सबल पक्ष र कमजोर ।समेत थाहा पाउनको लागि फरक फरक परिस्थितीमा पर्याप्त समयसँगै बिताउनु राम्रो हुन्छ। परिवारका अन्य सदस्य एवं घनिष्ठ साथीहरुसँग घुलमिल र भेटघाट हुने अवसरहरुको यसमा अत्यन्त ठुलो महत्व हुन्छ। प्रेमीको ब्यक्तित्वको सही प्रतिबिम्ब उसले अन्य र खासगरी कमजोर व्यक्तिसँग गर्ने स्वभाविक व्यवहारमा बढी पाउन सकिन्छ।

'बिवाह व्यक्तिसँग होइन परिवारसँग पो हुँदोर हेछ' भन्ने अंग्रेजीमा एक रोचक भनाइ छ। यो भनाई हाम्रो देशको सन्दर्भमा अझ बढी मिल्दो हुन सक्छ। प्रेम व्यक्तिसँग हुन्छ। तर बिवाह, व्यक्ति, परिवार र गाउँसँग समेत हुन्छ। अर्थात, हाम्रो समाजमा बिवाहको दायरा, औपचारिकता र जिम्मेवारी अत्यन्त फराकिलो एवं केही जटील पनि छ। नेपाल र भारत मात्र होइन पश्चिमा मुलुकमा समेत एक अर्काकाका परिवारका सदस्यलाई सन्तुलनमा राख्न नसक्नु दाम्पत्यमा समस्याको एक प्रमुख कारण हुने गरेको पाइएको छ।

### केही मिल्दो र परिपुरक व्यक्तित्वलाई प्राथमिकता दिनुहोस

व्यक्तित्वका हिसावले कस्तो जीवनसाथी ठिक भन्ने विषयमा रहेका फरक फरक अवधारणाहरुको बारेमा समेत मनोवैज्ञानिक अध्ययनहरु भएका छन। 'अपोजिट अट्र्याक्ट' भन्ने मान्यताले आफुमा नभएका अर्थात बिपरीत गुणहरु भएको व्यक्ति आकर्षक लाग्छ भन्ने मान्यता राख्दछ। 'समानता' को अवधारणाले उमेर, बौद्धिक क्षमता, सुन्दरता, रुची, जीवनशैली, धार्मिक र साँस्कृतिक मूल्य मान्यता इत्यादीको समानताले सम्बन्धहरुलाई बढी प्रितिकर बनाउँछ भन्ने ठान्छ। सुरु सुरुमा केही समय नौलो र आफूभन्दा अत्यन्त बिपरित व्यक्तित्व आकर्षक लाग्ने हुन सक्छ। तर अत्यन्त बिपरीत ब्यक्तित्वहरु बिचको सम्बन्ध समयसँगै कमजोर हुदै जाने अध्ययनले देखाएको छ। जीवनसाथीबीच विविध विषयहरुमा रहेको समानता एक अर्कले अँगालेको जीवन दृष्टिकोण र मूल्य मान्यता सही सावित गर्ने माध्यम बन्दै जाने हुनाले दुवैको लागि आत्मसम्मानको परोक्ष स्रोत बन्ने गर्छ। यसले महत्वपूर्ण विषयहरुमा असहमती र मतभेदको सम्भावनामा समेत कमी ल्याउँछ। यसरी दीर्घकालीक सम्बन्धहरुको लागि आवश्यक पर्ने 'कम्पानियोनेट प्रेम' अर्थात निकटता र सहजता जस्ता गुणको लागि बिपरीत भन्दा समान व्यक्तित्व बढी उपयुक्त हुने पाइएको छ।

यस्ता कयौँ अध्ययनहरुको निष्कर्षका अनुसार जीवनसाथी रोज्दा व्यक्तित्वमा केही समानता, केही समान रुची र दीर्घकालिन सोच, एक अर्काका कमजोरी परिपुरण गर्न सक्ने क्षमता साथै मिल्दो जीवन लक्ष्लाई प्रथमिकतामा राख्न सुझाईएको छ। बैवाहिक सम्बन्ध दुवैको जीवन लक्ष प्राप्तिको आधार बन्न सक्नु सुखद दाम्पत्यको एक महत्वपूर्ण सुचक मानिएको छ।

### सम्बन्धलाई व्यवहारिकताको दृष्टिकोणबाट बिचार गर्नुहोस

कतिपय मनोवैज्ञानिकहरुले बैवाहिक सम्बन्धका पाँच फरक फरक चरणहरुको व्याख्या गरेका छन्। रोमान्सको चरण, मोहभँगता अर्थात 'डिसइलुजनमेन्ट' को चरण, शक्ति सँघर्षको चरण, स्विकार्यता एवँ स्थाईत्वको चरण र सार्थक प्रतिबद्धता भावको चरण, त्यस्ता पाँच चरणहरु हुन। बैवाहिक सम्बन्धहरु सधै एकनास नभै विकासका फरक चरण र त्यसका प्रभाव एवँ चुनौतिहरुवाट गुज्रने गर्छन। केही बिविधता र केही अपवाद पाईने भए पनि हरेक बैवाहिक सम्बन्ध कुनै न कुनै रुपमा यी पाँच चरणका स्वभाविक उतारचढावबाट जानुपर्ने हुन्छ। त्यस्ता उतारचढावजन्य समस्या समाधानका लागि प्रेमीहरु मनोवैज्ञानिक रुपमा तयार एवं एक अर्काप्रति आश्वस्त रहन सक्नु पनि जीवन साथी बन्ने निर्णयको लागि महत्वपूर्ण मानिएको छ।

सुखद बैवाहिक सम्बन्धको लागि एक-अर्का प्रतिको प्रेम सवभन्दा महत्वपूर्ण तत्व हो। तर कतिपय जोडीहरुले प्रेम भएपछि अरु विविध ब्यवहारिक पक्षको बारेमा सोच्नु आवश्यकनै नरहेको ठान्ने हुन्छन्। अथाह प्रेम भएका जोडीहरुमा समेत बिवाहपश्चात दैनिक जीवन सँचालनका कतिपय विषयहरुमा अस्पष्टता र मतभिन्नता सुरु हुन सक्छ। पहिले अति सामान्य मानिएका खाना कसले बनाउने? सपिङ कसले गर्ने? दुवैको जागिर कसरी व्यवस्थापन गर्ने? 'सेक्स' कति मात्रामा आवश्यक पर्ने, बच्चा कहिले पाउने? लिभिङ अरेन्जमेन्ट कहाँ र कस्तो हुने जस्ता विषयहरु गम्भीर शक्ति संघर्ष र असन्तुष्टीका स्रोत बनिदिन सक्छन। जीवनसाथी बन्ने निर्णयको लागि यस्ता विषयहरुमा सहज समझदारीमा पुग्न सक्नेछौं भन्ने गहिरो विश्वास एक–अर्का प्रति हुनु अति आवश्यक हुन्छ।

मनोविज्ञानका अनुसार सफल दाम्पत्य कुनै अलौकिक आकस्मिकताको प्रभावको विषय नभई मूलतः व्यक्तिहरुको बिबेकपूर्ण निर्णय र सम्बन्ध प्रतिको उपयुक्त दृष्टिकोण एवं व्यवहारको परिणाम हो। सम्बन्धमा जोडिने र त्यसको सुखद भविष्य सुनिश्चित गर्ने विषयमा परिस्थितीको भुमिका गौँड र व्यक्तिको छनोट एवं निर्णयको भुमिका बढी हुन्छ। यस्ता विविध विषयहरुमा स्पष्ट भई बिवाहको निर्णयमा पुग्नको लागि विकसित मुलुकमा 'प्रेम जोडी' हरु 'प्रिमेराइटल काउन्सेलिङ्ग' वा 'म्यारिज काउन्सेलिङ्ग' मा जाने समेत आम प्रचलन रहेको छ। (लेखक क्लिनिकल साइकोलोजिष्ट हुन्।)सौजन्य :स्वास्थ्य खबर

> मनोविज्ञानका अनुसार सफल दाम्पत्य कुनै अलौकिक आकस्मिकताको प्रभावको विषय नभई मूलतः व्यक्तिहरुको बिबेकपूर्ण निर्णय र सम्बन्ध प्रतिको उपयुक्त दृष्टिकोण एवं व्यवहारको परिणाम हो। सम्बन्धमा जोडिने र त्यसको सुखद भविष्य सुनिश्चित गर्ने विषयमा परिस्थितीको भुमिका गौँड र व्यक्तिको छनोट एवं निर्णयको भुमिका बढी हुन्छ। यस्ता विविध विषयहरुमा स्पष्ट भई बिवाहको निर्णयमा पुग्नको लागि विकसित मुलुकमा 'प्रेम जोडी' हरु 'प्रिमेराइटल काउन्सेलिङ्ग' वा 'म्यारिज काउन्सेलिङ्ग' मा जाने समेत आम प्रचलन रहेको छ। (लेखक क्लिनिकल साइकोलोजिष्ट हुन्।

# जे.पी.गुप्तासँग मेरो प्रश्न



अरविन्द यादव

जयप्रकाश गुप्ताले आमसञ्चारका माध्यमद्वारा प्रसारित गरेका लेखहरुप्रति मेरो ध्यानाकर्षण भएर म यो लेख लेख्न बाध्य छु । गुप्ता जस्तो व्यक्ति आफूलाई पत्रकारिता क्षेत्रबाट राजनीतिमा प्रवेश गरेको कुरा भन्दैछ । तर उहाँले पत्रपत्रिकाकामाध्यमबाट नै भन्ने गरेका कुराहरु पत्रकारिता धर्मसंग मेल खादैन । कुनै पार्टी र कुनै व्यक्तिको विरोध गर्नु राजनीति धर्म नै मानिन्छ । तर एउटा जातिको बारेमा नामै उल्लेख गरेर विरोध गर्नु भनेको मधेशी समाजमा जातीय द्वन्द निम्त्याउने षड्यन्त्र नै हो ।

गुप्ताले उपेन्द्र यादव र जनता समाजवादी पार्टी नेपालका विरुद्धमा बेलाबखतमा सामाजिक संजाल र विभिन्न पत्रिकाका माध्यमबाट विरोध गरिरहन्छ । विरोध सकारात्मक हुनु राम्रै पक्ष हो । तर गुप्ताले उपेन्द्र यादव र उहाँका पार्टीमा बारेमा नकारात्मक विचार राखेर नै आफना विचार-प्रबाह गरिरहेका छन् ।

त्यसैकारण लेखक बाध्य भएर गुप्तासंग संचारमाध्यमबाटै केही प्रश्न राख्न चाहन्छ । यसो त भेटैर प्रश्न राख्ने इच्छा थियो । त्यो सम्भव नदेखेपछि यसै लेखमार्फत राख्न चाहन्छु । प्रथम मधेश आन्दोलन चलिरहँदा गुप्ता त्यो आन्दोलनको विरुद्धमा थियो भने कुरा सवैलाई जानकारी भएकै हो । उपेन्द्र यादवद्वारा नेतृत्व गरिएको प्रथम मधेश आन्दोलन -२०६३ राजनीतिक इतिहासकै सवभन्दा ठूलो आन्दोलन हो । त्यस आन्दोलनको सफलताको श्रेय आदरणीय उपेन्द्र यादवलाई नै जान्छ ।

जसको कल्पना तपाई यस जुनीमा गर्न सक्नुहुन्न गुप्ताजी । जतिवेला सम्पूर्ण मधेश आफ्नो हक अधिकारका लागि ठूलो संघर्ष गरिरहेका थिए । खस शासकलाई घुँडा टेकाउन सफल हुँदै थिए। त्यतिबेलै तपाई कसको इशारामा हो । रातारात ब्राम्हणवाद-वैश्यवादको मिलन स्वरुप तमलोपा पार्टीको विधान लेख्न थाल्नुभयो । तर संविधानसभा- २०६४ मा आफू उपेन्द्र यादवको सहयोगविना चुनाव जित्न नसक्ने महसुस हुदाँ तमलोपाको विधान त्यसै फालेर तपाई तात्कालिन मधेशी जनअधिकार फोरम नेपालमा प्रवेश गर्नु भो र चुनाव जित्नुभो । यसैबाट प्रमाणित हुन्छ कि तपाई दुई जिब्रे हुनुहुन्छ । आफ्नो नाफाको निम्ति तपाई कतै लाग्न सक्नुहुन्छ । कर्मकाण्डी-व्यापारीको गठजोड भताभुंग भो । जुन पार्टीको तपाई विधान लेख्दै हुनुहुन्थ्यो । त्यस पार्टीप्रति तपाईको कति विश्वास थियो त ? तपाईको ल्यापटपमा तमलोपा पार्टीको प्रस्तावित विधान छदै होला । एकपटक फुर्सदको बेला हेरे हुन्छ ।

तपाईको लेख सधैं उपेन्द्र यादवको विरुद्धमा केन्द्रित हुन्छ । तपाईं गिरिजाप्रसादको किचेन क्याविनेटमा सधैं रमाउने व्यक्ति हुनुहुन्छ । उपेन्द्र यादव आफनो बलबुताले जे गर्न भ्याएका छन । तपाई त्यसको कल्पना पनि गर्न सक्नु हुन्न । चमचागिरी र पछुवागिरी गरेर सांसद मंत्री बन्ने तपाईं संविधानसभा- २०६४ मा उपेन्द्र यादवको हैसियत हेरिसक्नु भएको छ ।

उपेन्द्र यादवले जे गरेका छन् , त्यो ऐतिहासिक काम हो । सम्पूर्ण मधेशीको शिर उठाउने काम गरेका छन् । काठमाडौंमा आफू मधेशी भएको गर्व गरिदैछ । तर तपाईं गुप्ताजी भ्रष्टाचाररुपी रेल चढेर कता जानुभो । पतै छैन । जसले हामी सम्पूर्ण मधेशीलाई शिर निहुराइदिएको छ । तपाईको कर्तुतले मधेशी सर्वत्र बदनाम भएका छन् । तपाईंका सहपाठी राजनीतिकर्मी तपाईसँग सार्वजनिक मंचमा भेट्न सक्नुहुन्न । कारण तपाईं यस जुनिमा सार्वजनिक पद धारण गर्न सक्नुहुन्न ।

उपेन्द्र यादवप्रतिको आक्रोस तपाईको गलत मानसिकताको उपज हो । उपेन्द्र यादव राज्यको शिकार भएर मारिन सक्छ । उसको परिवार बरबाद छन् सक्छ । उसको पार्टी छिन्न भिन्न हुन सक्छ । तर उपेन्द्र यादवले सम्पूर्ण मधेशी जनताको बलले जलाएको मसाल निभ्न सक्दैन । उपेन्द्र यादवले उठाउनुभएको मधेश मुद्दा कसैले समाप्त गर्न सक्दैन । जुन नेपालकै इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । उपेन्द्र यादवको विनाश हुनुलाई तपाईं खुशीको कुरा मान्नुहुन्छ भने मलाई भनैपर्छ तपाई भित्रैदेखि कति कलुषित मानसिकता बोकनुभएको छ ? कति पापी हुनुहुन्छ ? अब त प्रमाणित नै भइसक्यो । तपाईं खस शासकको गोटी बन्नुभएको छ । मधेशी विरोधी हुनुभएको छ ।

तपाईं मधेशी जनअधिकार फोरम (गणतन्त्रिक) पार्टीको चुनाव चिन्ह रेल लामो बाटो काट्न रोज्नुभएको थियो । तर तपाई त भ्रष्टाचाररुपी रेल चढेर कता हराउनुभो । सायद धेरै टाढा गइसक्नुभएको छ । भविषयमा कुनै चुनाव चिन्ह नलिने भनेर । तपाईले गरेका भ्रष्टाचारले तपाई आफै विगतमा गर्नुभएका सम्पूर्ण आन्दोलन, प्रजातन्त्र प्राप्तिको संघर्ष मिथ्या सावित भएका छन् ।

तपाई लेख्नुभएका सम्पूर्ण लेखहरु टुहुरा भएका छन् । लोकतन्त्र र मानवअधिकारका कुरा झुठा सावित भइदिएका छन् । अँ गुप्ताजी एउटा कुरा भनै विर्सिए । तपाईलाई जब सर्वोच्च अदालतले भ्रष्टाचारी प्रमाणित गरिदिए, त्यतिबेला तपाईलाई साथ दिने कोइ भएन । आखिर भ्रष्टाचारीलाई कसले साथ दिन्छ र ? तपाई आशा त धेरैतिर राख्नुभएको थियो होला ।

जब कतैबाट सहयोग नपाएपछि तपाई बहालबाला मंत्री भएर सुरक्षा गार्डसहित अदालतमा सशरीर उपस्थित हुनुभयो । राजीनामा दिएर पनि अदालतमा उपस्थित हुनसक्नु हुन्थियो । तर तपाई केही दण्ड जरिबाना कम होला भन्न ठानेर राजीनामा नदिइ अदालतमा उपस्थित हुनुभो ।

जसबाट के प्रमाणित हुन्छ भन्ने तपाईं राजनीतिकर्मी सँगै नाफा कमाउने ठूलो व्यापरी पनि हुनुहुँदो रहेछ । एउटा बहालबाला मंत्री अदालतमा उपस्थित हुनु भनेकै राज्यको अपमान हो । तपाईलाई त न्यायालयप्रतिको आस्था पनि समाप्त भएको छ । तपाई बेलाबखत पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको विरुद्धमा पनि लेखिरहनु भएको छ । न्यायापालिकाको आदेश स्वीकार नगरी न्यायालयमाथि नै प्रश्न गर्नु कति जायज हो त ? निष्पक्ष र मर्यादित न्यायायापालिकामाथिको भरोसा टुट्नु एउटा प्रजातन्त्रबादीलाई कति पनि सुहाउँदैन । तपाई त न्यायालयलाई पनि प्रभावमा पार्न खोज्नुभएको थियो । तपाई कै सहकर्मी पूर्वप्रधानान्यायाधीश सुशीला कार्कीको पति दूर्गा सुवेदीकहाँ पनि तपाई भनसुन गर्न जानुभएको थियो । जुन कुरा सुवेदीजीले सार्वजनिक गरिसक्नु भएको छ ।

सप्तरीमा कुनै वेला अमातको विरुद्धमा गुप्ता र राजपुतको विरुद्धमा शर्मा हुन्थ्यो र यादवले सबैलाई सहयोग गर्थे भने कुरा पनि तपाई एउटा लेखमा लेख्नुभएको छ । यसबाट के छलङ्ग हुन जान्छ कि यादवले सबै जातलाई सहयोग गर्नुपर्ने, तर यादवलाई कुनै जातले सहयोग नगरुन । यादव मात्र सवै जातको लठैतकोरुपमा रहिरहोस् । यादव जातिका मान्छे अगाडि बढनु हुँदैन भने मानकिता तपाई पालेर बस्नुभएको छ । यसरी तपाईको बौद्धिकता समाज विखण्डन गर्ने अस्त्र बनेको छ । तपाईबाट कसरी सामाजिक न्याय र सामाजिक एकताको आशा गर्नु ?

हाम्रा मधेशी समाजमा तपाई जस्ता यस्तो दरिद्र मानसिकता पालेर बसेका मानिस हुनु हाम्रो दुर्भाग्य हो । हामी मधेशमा एकता चाहन्छौं ।

सदियौंदेखि विभेद, शोषण र उत्पीडनमा परेका हामी मधेसी खस शासकबाट मुक्ति चाहन्छौ । तर तपाई जस्ता छद्मभेषीरुपी र दुई जिब्रेका कारण हाम्रो सामाजिक न्यायमा पहुँच धेरै टाढा-टढा सम्म पनि पर्न सक्छ कि भने मेरो आशंका छ । तपाईहरु जस्ताकै कारण मधेश आन्दोलन कमजोर भएपनि, मधेश आन्दोलन सडकमा नभएपनि प्रत्येक मधेशीको मन मष्तिष्कमा सधैं चलिरहन्छ ।

> *सप्तरीमा कुनै वेला अमातको विरुद्धमा गुप्ता र राजपुतको विरुद्धमा शर्मा हुन्थ्यो र यादवले सबैलाई सहयोग गर्थे भने कुरा पनि तपाई एउटा लेखमा लेख्नुभएको छ । यसबाट के छलङ्ग हुन जान्छ कि यादवले सबै जातलाई सहयोग गर्नुपर्ने, तर यादवलाई कुनै जातले सहयोग नगरुन । यादव मात्र सवै जातको लठैतकोरुपमा रहिरहोस् । यादव जातिका मान्छे अगाडि बढनु हुँदैन भने मानकिता तपाई पालेर बस्नुभएको छ ।*

# समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग

काठमाण्डु । राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत प्रदेश सरकार र स्थानीय तहमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि प्रस्ताव माग गरेको छ । आयोगले सोमबार प्रदेश सरकार र स्थानीय तहलाई सूचना जारी गर्दै आगामी आर्थिक वर्षको सङ्घीय बजेटमा पर्नेगरी समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न भनेको हो ।



त्यस्ता आयोजना तथा कार्यक्रमको प्रस्तावसहितको विवरण प्रदेश सरकार र स्थानीय तहले आगामी पुसमसान्तभित्र आयोगमा पठाइसक्नुपर्नेछ । प्रस्ताव पेस गर्दा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेस गर्नुपर्नेछ । त्यस्तै,विद्युतीयप्रणाली(अनलाइन) बाट आएका प्रस्तावलाई मात्रै स्वीकार गरिने पनि आयोगले जनाएको छ ।

समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदानसम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार सङ्घीय सरकारले हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँदै आएको छ ।

यस्तो अनुदान लिनका लागि प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायतका विवरण अनिवार्य रुपमा प्रस्तावसँगै पेस गर्नुपर्ने पनि आयोगले जनाएको छ । सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै त्यस्तो योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा छ । समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ । यस्तो अनुदानबाट खर्च ब्यहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्छ । तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाका लागि यो शीर्षकअन्तर्गत बजेट जाँदैन ।

प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कूल लागत अनुमान न्यूनतम रु एक करोडदेखि अधिकतम रु १० करोडसम्म छ । त्यस्तै, उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमकाले लागत न्यूनतम रु पाँच करोडदेखि अधिकतम रु २५ करोडसम्मछ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि कूल लागत अनुमान रु २० करोडदेखि रु एक अर्बसम्म हुनुपर्दछ ।रासस

# संघीय संसद् भवन निर्माणमा कानून उल्लङ्घन


काठमाण्डु । कानून बनाउने मुख्य थलो सङ्घीय संसद् भवन निर्माणका क्रममा कानून उल्लङ्घन भएको भेटिएको छ । भवन निर्माण वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) बिना भइरहेको हो ।

कुनै पनि ठूला भवन निर्माण गर्नुपूर्व इआइए अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था छ । वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार इआइए बिना पूर्वाधार निर्माण गर्न पाइँदैन । तर सिंहदरबार परिसरमा विसं २०७६ देखि निर्माण सुरु भएको सङ्घीय संसद् भवन भने प्रभाव मूल्याङ्कन नगरी ६० प्रतिशत काम सकिएको छ ।

सहरी विकास तथा भवन निर्माण विभागले ढिला गरी पत्र पठाएपछि निर्माण नभएको भए प्रमाण पेश गर्नु भनी पत्राचार गरिएको शाखाका सहायक वन अधिकृत खिलानाथ दाहालले राससलाई जानकारी दिनुभयो । वन तथा वातावरण मन्त्रालय, वातावरणीय प्रभाव मूल्याङ्कन शाखामा भवन बनाउन सुरु गरिसकेपछि मात्र स्वीकृतिका लागि पत्राचार गरिएको थियो । वातावरण संरक्षण ऐन र नियमावलीमा कुनै पनि आयोजना सुरु गर्नुअघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ ।

वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सुरु भएका आयोजनालाई रु १० लाखदेखि रु ५० लाखसम्म जरिवाना लिनसक्ने व्यवस्था पनि कानूनमा गरिएको छ । जरिवाना गर्ने अधिकार वन तथा वातावरण मन्त्रीलाई रहेको शाखाले जनाएको छ ।

विभागअन्तर्गत विशेष भवन निर्माण आयोजनाका आयोजना निर्देशक मचाकाजी महर्जन सार्वजनिक खरिद ऐनमा भने भवन निर्माण सुरु गरिसकेपछि पनि वातावरणीय प्रभाव मूल्याङ्कन गराउन सकिने व्यवस्था रहेको दाबी गर्नुहुन्छ । वातावरण मन्त्रालयले भने निर्माण सुरु गर्नुअघि नै प्रभाव मूल्याङ्कन नगरे जरिवाना तिर्नुपर्ने व्यवस्था रहेको जनाएको छ ।



**सम्झौता अवधिमा बनेन संसद् भवन**

विभागअन्तर्गत विशेष भवन निर्माण आयोजनाले सङ्घीय संसद् भवनको निर्माण गरिरहेको छ । विसं २०७६ असोज १६ गते भवन निर्माणका लागि सम्झौता भएको थियो । सम्झौताअनुसार भवन निर्माणका लागि तीन वर्षको अवधि दिइएको थियो । त्यसअनुसार गत भदौ १५ गते नै काम सकिनुपर्ने थियो । कोरोनाको कारण देखाउँदै निर्माण व्यवसायीले काम सकेनन् । म्याद थपका लागि निवेदन दिए । सोअनुसार विभागले आगामी चैत १५ गतेसम्मका लागि छ महिना म्याद थप गरेको आयोजना निर्देशक महर्जनले जानकारी दिनुभयो । म्याद थपिएको छ महिनामा पनि काम नसकिने निश्चित रहेको आयोजनाले जनाएको छ ।

तीन वर्षमा ६० प्रतिशत भौतिक र ५९ प्रतिशत वित्तीय प्रगति भएको आयोजना निर्देशक महर्जनले सुनाउनुभयो । टुँडी/शेक जेभीले रु पाँच अर्ब ६८ करोडको लागतमा भवन निर्माणको ठेक्का पाएको छ । सङ्घीय संसद् भवनका लागि ११ वटा छुट्टाछुट्टै संरचना निर्माण भइरहेको छ । सङ्घीय संसद्का लागि प्रतिनिधिसभा, राष्ट्रियसभा, केन्द्रीय लबी, पुस्तकालय, सङ्ग्रहालय, सचिवालय, संसदीय दल, सुरक्षा निकायको भवनलगायत संरचना निर्माण भइरहेको छ ।

प्रतिनिधिसभा, राष्ट्रियसभा, केन्द्रीय लबीका भवनमा छाना हाल्न बाँकी छ । अन्य आठ भवनमा भने छाना हालेर 'फिनिसिङ' को काममात्र बाँकी रहेको आयोजना निर्देशक महर्जनले जानकारी दिनुभयो । तीनवटै भवनमा ४२ मिटर (करिब १५० फिट) को ट्रस राखिने छ । यो सबै काम सक्न कम्तीमा पनि एक वर्ष लाग्ने आयोजनाले जनाएको छ ।

सम्झौता भएपछि पनि निर्माणस्थलमा नेपाली सेनाका संरचना रहेकाले काममा ढिलाइ भएको हो । बीचमा कोरोना महामारी नभएको भए समयमा काम सकिने थियो । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएर संसद् अधिवेशन सुरु हुने बेलामा सङ्घीय संसद् भवन निर्माणको विषय चर्चामा आएको छ ।

यसपटकको हिउँदे अधिवेशन र आगामी वर्षे अधिवेशनका लागि सिंहदरबारमा निर्माण भइरहेको भवन तयार नहुने विभागले जनाएको छ ।

वार्षिक १५ करोड भाडामा संसद् भवन

सङ्घीय संसद् सचिवालयले सहरी विकास मन्त्रालयअन्तर्गत रहेको बानेश्वरस्थित अन्तर ाष्ट्रिय सम्मेलन केन्द्र संसद् चलाउनका लागि विसं २०६५ देखि भाडामा लिएको छ ।

भाडाका लागि वार्षिक रु १६ करोड ५० लाखको सम्झौता भएको सचिवालयका सहप्रवक्ता दशरथ धमलाले जानकारी दिनुभयो । सम्मेलन केन्द्रको केही भाग नेपाल कानून आयोग र लगानी बोर्डको सचिवालयले लिएको छ । त्यो भाग कटाएर संसद् सचिवालयले वार्षिक रु १४ करोड ९८ लाख भाडा तिर्ने गरेको छ ।

संविधानसभा निर्वाचनपछि सम्मेलन केन्द्र भाडामा लिइएको थियो । विसं २०६३ वैशाख ११ गते पुनर्स्थापित संसद् भने सिंहदरबारकै प्रतिनिधिसभा भवनमा सञ्चालन भएको थियो । विसं २०७२ वैशाख १२ गतेको भूकम्पले सिंहदरबारस्थित प्रतिनिधिसभा भवन क्षतिग्रस्त भएपछि सम्मेलन केन्द्रमै संसद् सञ्चालन हुँदै आएको छ ।रासस

# पहिलो संसदीय यात्रामा प्रवेश गर्दै कार्की

काठमाण्डु । दोलखाबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र)का पोलिटब्यूरो सदस्य गङ्गा कार्कीनिर्वाचित हुनुभएको छ । नेता कार्कीले ३६ हजार सात सय ९९ मत प्राप्त गर्नुभयो भने उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का बालकृष्ण शिवाकोटीले ३६ हजार चार सय ८२ मत प्राप्त गर्नुभयो ।

सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका ५७ वर्षे कार्की दोलखाको जुँगु गाविस-७ फाल्टुकमा विसं २०२२ मा पिता टेकबहादुर कार्की र माता अमृतकुमारी कार्कीको कोखबाट पहिलो सन्तानका रुपमा जन्मिनुभएको थियो । पार्टीमा उहाँ ' विश्व' उपनामले परिचित हुनुहुन्छ ।

उहाँका जेठो छोरा विश्वास कार्की स्थानीय तहको निर्वाचनमा गौरीशङ्कर गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँको राजनीतिक जीवन२०४२ सालबाट सुरु भएको हो । उहाँले विसं २०४८ सालमा नेकपा एकता केन्द्रको जिल्ला सचिव भएर काम गर्नुभएको थियो भने विसं २०४८ मा एकता केन्द्रको क्षेत्रीय ब्यूरो सदस्य पनि हुनु भएको थियो ।

कार्कीले जनयुद्धको अवधिमा विसं २०५४ मा सोलु ओखलढुङ्गाको जिल्ला सचिव, २०५५ देखि साढे तीन वर्ष भोजपुर, सङ्खुवासभा, तेह्रथुम, ताप्लेजुङ र धनुषाको जिल्ला सचिव र इञ्चार्जको जिम्मेवारी पनि निर्वाह गर्नुभएको थियो ।

**प्रदेशसभा १ मा कांग्रेस र प्रदेशसभा २ मा एमाले**

दोलखा प्रदेशसभा १ मा नेपाली काँग्रेसका कुन्दनराज काफ्ले निर्वाचित हुनुभयो । सत्ता गठबन्धनका उम्मेदवार काफ्लेले २३ हजार तीन सय ३१ मत प्राप्त गर्नुभयो । उहाँ नेपाली काँग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँका प्रतिस्पर्धी एमालेका नरबहादुर श्रेष्ठले १५ हजार तीन सय ५६ मत प्राप्त गर्नुभएको थियो । उहाँ नेकपा (एमाले) का दोलखाका अध्यक्ष हुनुहुन्छ । प्रदेशसभा २ मा एमालेका भरतबहादुर केसी निर्वाचित हुनुभएको छ । उहाँले १९ हजार चार सय १४ मत प्राप्त गर्नुभयो । उहाँ यसअघि भीमेश्वर नगरपालिकाको प्रमुख हुनुहुन्थ्यो । रासस

# प्रधानमन्त्रीद्वारा सङ्कल्पपूजा



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले श्रीमद् भागवत ज्ञान महायज्ञको उद्घाटन गर्नुभएको छ । सोमबार ललितपुरको बाँडेगाउँ सन्तनेता कृष्णप्रसाद भट्टराईको ९८औँ जन्मोत्सवको अवसरमा आयोजित उक्त ज्ञान महायज्ञ(सप्ती हजार यज्ञ) मा प्रधानमन्त्री देउवाले सङ्कल्प पूजा र दीप प्रज्वलन गर्नुभयो ।

भट्टराई आश्रममा प्रधानमन्त्री देउवालाई पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, पूर्वमन्त्रीद्वय शरदसिंह भण्डारी, ओमकारप्रसाद श्रेष्ठ, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन, उपप्रमुख मुना अधिकारी, प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, एसएसपी यज्ञविनोद पोखरेल, नेपाली कांग्रेस जिल्ला सभापति जीतेन्द्रकुमार श्रेष्ठलगायतले स्वागत गर्नुभएको थियो । सोमबारदेखि सुरु भएको महायज्ञ मङ्सिर २७ गतेसम्म सञ्चालन हुने मुख्य पुरोहित रामचन्द्र तिमल्सिनाले जानकारी दिनुभयो ।

विसं २०१५ मा संसद्को पहिलो सभामुख हुनुभएका भट्टराई विसं २०४६ को जनआन्दोलनपछि गठित अन्तरिम मन्त्रिपरिषदको प्रधानमन्त्री हुनुभएको थियो । विसं २००३ मा कांग्रेस गठन गर्दादेखि नै नेपालको राजनीतिमा संलग्न भट्टराईले २००७ सालको सशस्त्र क्रान्तिमा जनकपुर-उदयपुर कब्जा गर्ने मुक्ति सेनाको कमाण्डरका रूपमा काम गर्नुभएको थियो ।

नेपाली राजनीतिमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका भट्टराईको २०६७ फागुन २० गते निधन भएको थियो । भट्टराईको निधनपश्चात् हरेक वर्ष उहाँको सम्झनामा जन्मोत्सव र स्मृति दिवसको अवसर पारेर बाँडेगाउँ आश्रममा कार्यक्रम गरिँदै आएको छ ।रासस

# दोलखाबाट माओवादी केन्द्रका कार्की निर्वाचित

काठमाण्डु । दोलखाबाट प्रतिनिधिसभा सदस्य पदमा नेकपा (माओवादी केन्द्र)का गङ्गा कार्कीले ३६ हजार सात सय ९९ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ ।

उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का बालकृष्ण शिवाकोटीले ३६ हजार चार सय ८२ मत प्राप्त गर्नुएको प्रमुख निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले जानकारी दिनुभयो । उहाँका बीचमा तीन सय १७ मतान्तर रहेको छ ।

दोलखा प्रदेशसभा-१ मा नेपाली कांग्रेसका कुन्दनराज काफ्ले र प्रदेशसभा २ मा एमालेका भरतबहादुर केसी निर्वाचित हुनुभएको छ । जिल्लामा जम्मा ९४ मतदानस्थल र एक सय ९५ मतदान केन्द्र रहेका थिए । कूल एक लाख ६१ हजार चार सय ५० मतदाता रहेका थिए भने १४ राजनीतिक दलका र सात स्वतन्त्र गरी २१ उम्मेदवार चुनावी मैदानमा सहभागी भएका थिए । कूल मत ८५ हजार तीन सय ८८ खसेको थियो ।रासस

## नेफ्टा अवार्डको ११ औँ संस्करण घोषणा

काठमाण्डु । नेफ्टा फिल्म अवार्डको ११औँ संस्करण अमेरिकाको टेक्सासमा आयोजना हुने भएको छ । अवार्ड कार्यक्रम विसं २०८० जेठ १३ गते हुने आयोजक संस्था नेपाल चलचित्र प्राविधिक सङ्घ (नेफ्टा)ले जानकारी दिएको छ ।

"डायस्पोरामा नेपाली फिल्म संस्कृति र बजारको खोजी गर्ने र नेपाललाई अमेरिकी फिल्म छायाङ्कन गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले अवार्ड गर्न लागेका हौँ", नेफ्टा अध्यक्ष पुष्कर लामाले भन्नुभयो ।

फिल्मको अन्तर्राष्ट्रियकरण प्राविधिक सङ्घको कार्यभार बनेको उहाँले भनाइ छ । अवार्ड आयोजनाले नेपाल र अमेरिकाबीचको ७५ वर्ष पुरानो कुटनीतिक सम्बन्ध प्रगाढ तुल्याउन सहयोग पुग्ने उहाँको विश्वास छ ।रासस


**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

धनुषा जिल्ला, जनकपुर उ मा न पा वडा नं. १० घर भई हाल धनुषा जिल्ला, जनकपुर उ मा न पा वडा नं. १० बस्ने श्री कोदई लाल कर्ण को नाती, श्री बल्ली लाल कर्ण को छोरा वर्ष ८० को श्री **सतिश चन्द्र लाल कर्णको** मिति **२०७४/०७/२१** गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१७०००१३ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकका पत्नी श्रीमती शान्ति देवी कर्ण ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर– २, धनुषा**
फोन ०४१–५९०२६१



**मधेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
**जनकपुरधाम, धनुषा**

**उच्च शिक्षामा अध्ययनरत अति विपन्न दलित, मुस्लिम एवं जेहेन्दार (तीन समूह) छात्राहरूको लागि छात्रवृत्ती सम्बन्धि ३५ दिने सूचना**

**प्रकाशित मिति २०७९/०८/२०**

शिक्षा विकास निर्देशनालय, मधेश प्रदेश, जनकपुरधामको आ.व. २०७९।०८० को कार्यक्रम अन्तर्गत "उच्च शिक्षामा अध्ययनरत अति विपन्न दलित, मुस्लिम एवं जेहेन्दार छात्राहरुको लागि छात्रवृत्ती" प्रदान गर्ने कार्यक्रम रहेकोले यस प्रदेश भित्र उच्च शिक्षामा अध्ययनरत अति विपन्न दलित, मुस्लिम एवं जेहेन्दार (तीन समूह) छात्राहरुले तपसिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस शिक्षा विकास निर्देशनालयमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै विपन्न दलित वाहेक अन्यलाई विपन्न छात्रवृत्तिको व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराईन्छ ।

**तपसिलः**

१. अति विपन्न दलित र मुस्लीमको हकमा GPA १.६ वा सो भन्दा बढी भएको लब्धाङ्क पत्र (Grade Sheet वा Transcript) ।
२. जेहेन्दार विद्यार्थीको हकमा GPA २.८ वा सो भन्दा बढी वा प्रथम श्रेणी भएको लब्धाङ्क पत्र (Grade Sheet वा Transcript) ।
३. सामुदायिक क्याम्पसमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत भए प्रविणता प्रमाण पत्र तह वा +२ उतीर्ण गरेको Transcript वा Grade Sheet । तथा सामुदायिक क्याम्पस स्नातकोत्तर तहमा अध्ययनरतको हकमा स्नातक तह उतीर्ण गरेको Transcript वा Grade Sheet ।
४. क्याम्पस भर्ना भएको रसिद ।
५. क्याम्पसमा निरन्तर अध्ययनरत भएको साथै विद्यार्थीले क्याम्पसबाट कुनै प्रकारको छात्रवृती नपाएको व्यहोरा सहितको सिफारिस पत्र ।
६. छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरिने हुँदा खाता रहेको बैंकको चेकको प्रतिलिपि ।
७. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
८. अति विपन्न दलितको हकमा आफू स्थायी बसोबास रहेको वडाको अति विपन्न हो भन्ने व्यहोरा खुलेको सिफारिस पत्र ।
९. www.edd.p2.gov.np मा राखिएको निवेदनको ढाँचामा विद्यार्थी स्वयम्ले निवेदन दिनु पर्नेछ ।

**पुनश्च**:- यस प्रदेश अन्तरगत रहेका शिक्षा विकास तथा समन्वय इकाइले आवश्यक समन्वय तथा सहजिकरण गरिदिनु हुन समेत अनुरोध छ ।

**निर्देशक**

# राजनीतिक सङ्कट अन्त्यका लागि सुडानमा भएको प्रारम्भिक सहमतिको अमेरिका र सहयोगीहरूद्वारा स्वागत

**एएफपी**

वासिङ्टन । संयुक्त राज्य अमेरिका र यसका सहयोगीहरूले सोमबार सुडानका सेना र नागरिक नेताहरू बीच गत वर्ष सैन्य विद्रोहबाट उत्पन्न भएको राजनीतिक सङ्कट अन्त्य गर्नका लागि भएको प्रारम्भिक सम्झौतालाइ स्वागत गरेका छन् । दुवै पक्षले सो सम्झौतामा हस्ताक्षर गरेका छन्।

संयुक्त राज्य अमेरिका, नर्वे, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र बेलाइतले "प्रारम्भिक राजनीतिक रूपरेखाको सम्झौतालाई स्वागत गर्दछ," अमेरिकी विदेश मन्त्रालयले जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ ।

सेना प्रमुख अब्देल फताह अल-बुर्हानले सन् २०२१ अक्टोबरमा सत्ता कब्जा गरेपछि सुडान राजनीतिक अशान्ति र आर्थिक उथलपुथलले ग्रसित छ । जुन २०१९ मा तानाशाह ओमार अल-बशीरको अपदस्थ पछि थप राजनीतिक जटिलता थपिएको छ । सोमबार, बुरहान, अर्धसैनिक कमाण्डर मोहम्मद हमदान डगालो र अन्य थुप्रै नागरिक समूहहरू, विशेष गरी फोर्स फर फ्रिडम एन्ड चेन्ज (एफएफसी) - विद्रोहमा अपदस्थ गरिएको मुख्य नागरिक गुट समेत संक्रमणकालीन व्यवस्था स्थापना गर्ने उद्देश्यले प्रारम्भिक सम्झौतामा पुगेको हो। अमेरिका लगायत देशले यस सम्झौतालाई "नागरिक नेतृत्वको सरकार स्थापना गर्न र चुनावमा परिणत हुने सङ्क्रमणकालीन अवधिमा सुडानलाई मार्गदर्शन गर्न संवैधानिक व्यवस्थाहरू परिभाषित गर्ने दिशामा एक आवश्यक पहिलो कदमको रूपमा स्वागत गरेको छ।"

संयुक्त राष्ट्रसंघ, पश्चिमी कूटनीतिज्ञहरू साथै साउदी अरब र संयुक्त अरब इमिरेट्सका अधिकारीहरूको उपस्थितिमा उक्त सम्झौता भएको एफएफसीले जनाएको छ तर केही नागरिक समूहहरूले भने यसमा असन्तुष्टि जनाउँदै यसलाई विश्वासघातको रूपमा संज्ञा दिएका छन् । "हामी सबै सुडानीहरूलाई यो वार्तामा तुरुन्त र राम्रो विश्वासका साथ संलग्न हुन आग्रह गर्दछौं," संयुक्त विज्ञप्तिमा भनिएको छ । साथै उनीहरूले सबै पक्षहरूलाई सुडानको राष्ट्रिय हितलाई सङ्कीर्ण राजनीतिक उद्देश्यभन्दा माथि राख्न" आग्रह गरिएको छ।

# चर्चित फ्रान्सेली लेखक लापियरेको निधन

**एएफपी**

मार्सेली । फ्रान्सेली लेखक डोमिनिक लापियरेको निधन भएको छ । उहाँ ९१ बर्षको हुनुहुन्थ्यो । उहाँका 'फ्रिडम एट मिडनाइट' र 'सिटी अफ जोय' जस्ता पुस्तक भारतमा सर्वाधिक बिक्री हुने पुस्तकमध्ये पर्दछन् ।

"९१ वर्षको उमेरमा बुढ्योली र सम्बन्धित रोगका कारण उहाँको निधन भएको छ,' उहाँकी पत्नी डोमिनिक कोन्कोन-लापियरेले फ्रान्सेली पत्रिका वार-माटिनसँग आइतबार भन्नुभयो ।

जुलाई ३०, १९३१ मा चाटेलेलोनमा जन्मिएका लापियरेले अमेरिकी लेखक ल्यारी कोलिन्ससँग मिलेर लेखेका छ वटा पुस्तकको विश्वभर करिब ५ करोड प्रति बिक्री भएको थियो ।

सन् १९६५ मा प्रकाशित गैर-आख्यान यस पुस्तकमा नाजी जर्मनीले फ्रान्सेली राजधानीमा नियन्त्रण तथा आत्मसमर्पण गरेको र फ्रान्सिस फोर्ड कोपोला र गोर भिडालद्वारा रजत पर्दाको लागि अनुकूलित गरिएका अगस्त १९४४ सम्मका घटनाहरूको वर्णन गरिएको छ ।

सन् १९८५ मा कोलकाताका एक रिक्सा चालकले भोग्नुपरेको पीडाबारे लेखिएको उहाँको उपन्यास 'सिटी अफ जोय' भारतमा उहाँको सर्बाधिक पढिएको कृति हो । यसै कथामा सन् १९९२ मा प्याट्रिक स्वेज अभिनित र रोलान्ड जोफद्वारा निर्देशित एक चलचित्र रिलिज भएको थियो । लापियरेले आफ्नो रोयल्टीको ठूलो हिस्सा 'सिटी अफ जोय' बाट भारतमा मानवीय परियोजनाहरूमा सहयोग गर्न दान गर्नुभएको थियो ।

सन् १९८० को दशकको सुरुतिर कोलकातामा मदर टेरेसालाई भेट्न जाँदा उहाँले रोयल्टीबाट जम्मा भएको ५० हजार अमेरिकी डलर प्रदान गर्नुभएको थियो ।

सहयोग स्वीकार्दै टेरेसाले भन्नुभएको थियो, "यदि यो सहयोगको उक्त थोपा (रकम) नभएको भए आफ्नो अभियानका लागि ठूलो रकम (समुद्र)समेत जम्मा हुने थिएन ।'

सन् २००५ मा लापियरेले मानवीय कार्यका साथै पाठकहरूको दानका कारण '२४ वर्षमा १० लाख क्षयरोगका बिरामीहरूलाई निको पार्न र कुष्ठरोग लागेका नौ हजार बालबालिकाको हेरचाह गर्न सम्भव भएको' बताउनुभएको थियो।

धाराप्रवाह बङ्गाली भाषा बोल्ने साहसी फ्रान्सेली उपन्यासकारले आफ्नो कृतिको बिक्री र ख्यातीबारे भन्नुभयो, "सबैभन्दा बढी बिक्री हुने लेखक भएर मात्र पुग्दैन । यसबाट प्राप्त हुने रकम सही काममा प्रयोग हुनु ठूलो कुरा हो ।' आफ्नो पुस्तकमा लेखिएजस्तै अन्यायहरूविरुद्ध न्यायका लागि सधैँ सङ्घर्ष गर्नुपर्ने र आवश्यक हुनेका लागि सधैँ सहयोग गर्नुपर्ने धारणा उहाँले राख्नुहुन्थ्यो ।

# मालीमा ६६ आतङ्ककारी मारिए

**सिन्ह्वा**

बामाको । मालीमा गएको नोभेम्बर महिनामा मात्र कम्तीमा पनि ६६ जना आतङ्ककारी मारिएका बताइएको छ । यहाँको सशस्त्र बलले मालीमा नोभेम्बर महिनामा जारी राखेको आतङ्ककारी विरुद्धको कारबाहीमा उनीहरुमा मारिएका हुन् ।

सो कारबाहीका क्रममा मालीको सेनाले यहाँका आतङ्ककारीहरुले निर्माण गरेका कैयौं आश्रयस्थल पनि ध्वस्त बनाइ दिएको छ। उनीहरुले प्रयोग गर्ने शक्तिशाली हतियारहरुका साथै उनीहरुका सवारीसाधन पनि मालीको सशस्त्र सैन्य बलले कब्जामा लिएको छ । सो बलले गएका केही महिनादेखि यहाँका आतङ्ककारीहरुका विरुद्धमा सशक्त कारबाही सुरु गरेको जनाएको छ । प्रतिआतङ्कवादी अभियान नाम दिइएको सो अभियानमा यहाँको सेनाले अरु कैयौं आतङ्ककारीहरुलाई पक्राउ पनि गरेको छ। सन् २०१२ देखि मालीले यहाँ सुरक्षा चुनौतीको सामना गर्दै आएको छ। याहँ विभिन्न समूहले आतंककारी क्रियाकलापहरुलाई निरन्तरता दिँदै आएका छन् ।

यो अफ्रिकी देशमा अतिवादीहरुले जारी राखेको आतङ्कमा परेर हजारौं मानिसको ज्यान गइसकेको छ भने अरु हजारौं नागरिक विस्थापित भएका छन् । राजनीतिक र आर्थिक सङ्कटमा परेको यस देशमा शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घले पहल गर्दै आएको भए पनि सम्भव हुन सकेको छैन ।

# आफूविरुद्धको महाभियोग प्रस्ताव 'राजनीतिक खेलको हिस्सा' भएको पेरुका राष्ट्रपतिको दावी

**सिन्ह्वा**

लिमा । पेरुका राष्ट्रपति पेड्रो क्यास्टिलोले विपक्षी नेतृत्वको काङ्ग्रेस (संसद)ले पारित गरेको महाभियोग प्रस्ताव आफूविरुद्धको 'राजनीतिक खेलको हिस्सा' भएको बताउनुभएको छ ।

पेरूको काजामार्काको उत्तरी क्षेत्रमा मतदानका लागि आफ्नो निर्वाचन क्षेत्रमा पुगेका समय राष्ट्रपति क्यास्टिलोले उक्त टिप्पणी गर्नुभएको हो ।

उहाँले त्यहींबाट दक्षिण अमेरिकी राष्ट्र पेरूको नौ क्षेत्रमा भइरहेको दोस्रो चरणको चुनावमा आइतबार मतदान गर्नुभएको थियो । क्यास्टिलोले प्रस्तावका बावजुद आफ्नो सरकार 'बहुसंख्यक नागरिकले गठन गरेको' र ' जनचाहनाको रक्षा' गर्न आवश्यक रहेकोमा आफू विश्वस्त रहेको बताउनुभएको छ ।

उहाँले आफ्नो सरकार 'संवादमा संलग्न हुन, संस्थाहरूको सम्मान गर्दै लोकतान्त्रिक तरिकाले अघिबढ्न' इच्छुक रहेको पनि बताउनुभयो । पेरुका राष्ट्रपतिले संसदको पूर्ण अधिवेशनमा सहभागी हुने वा नहुनेबारे पुष्टि गर्नुभएको छैन ।

क्यास्टिलोका वकिल बेन्जी एस्पिनोजाले शनिबार पेरुका राष्ट्रपतिको बहसमा उपस्थिति हुने वा नहुने अझै पुष्टि नभएको तर 'स्थायी नैतिक अक्षमता' को कारण महाभियोग प्रस्ताव अघि बढाउन खोजिएको र यो 'धेरै खुला र अमूर्त' भएको बताउनु भएको छ ।

पेरुको काङ्ग्रेसले ७३ का विरूद्ध ३२ मतको आधारमा राष्ट्रपतिविरूद्ध महाभियोगको प्रक्रिया सुरु गर्ने निर्णय गरेको छ। यहाँको संसदले राष्ट्रपतिमाथि महाअभियोगको प्रस्ताव पारित गर्नका लागि ८७ मतको आवश्यकता हुने संवैधानिक प्रावधान रहेको छ।

# नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा 'गम्भीर' तहमा पुग्यो

**सिन्ह्वा**

नयाँ दिल्ली । नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा पछिल्ला केही दिनमा बढ्दै गएको देखिएको छ । यहाँ आइतबार गरिएको मापनमा वायु प्रदुषणको मात्रा 'गम्भीर' तहमा पुगेको बताइएको हो । यहाँको प्रदुषण गम्भीर तहमा पुगेको पाइएपछि कतिपय निर्माणका कार्य, जलाउने या ध्वंस गर्ने कार्य तथा सडकमा भ्याकुम क्लिनरले सफा गर्ने काममा प्रतिबन्ध लगाइएको बताइएको छ ।

यहाँको वायु गुणस्तर व्यवस्थापन आयोग, सिएक्युएमले आइतबार प्रकाशन गरेको एक प्रेस विज्ञप्तिमा सो कुराको जानकारी दिइएको हो । उक्त विज्ञप्तिमा वायु प्रदुषणको मात्रा पछिल्ला दिनमा



बढ्दै गएको र आइतबार यो मात्रा गम्भीर तहमा पुगेकाले सतर्कता अपनाउन आग्रह पनि गरिएको छ । सो प्रतिवेदनमा नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यसलाई कम गर्नका लागि आवश्यक सबै प्रकारका उपायहरु अपनाउन सरकारसँग आग्रह पनि गरिएको छ ।

सो आयोगको आइतबार अपराह्न ४ बजेको रिपोर्टमा वायु प्रदुषणको मात्रा (एक्युआई) गम्भीर तह अर्थात् चार सय सातमा पुगेको देखाइएको छ । यो एक्युआई तह दुई सय एक देखि तीन सयसम्म कमजोर अर्थात् खराब, तीन सय एकदेखि चार सयसम्म झन् खराब र चार सय एकदेखि माथि पाँच सयसम्मलाई गम्भीर तह अर्थात घातक मानिएको छ ।

नयाँ दिल्लीमा प्रायः जाडो समय (नोभेम्बरदेखि फेब्रुअरी) सम्म वायु प्रदुषणको मात्रा बढ्ने गरेको पाइन्छ । यसवर्ष अहिले नै यहाँको प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यस मौसममा वायु प्रदुषणको मात्रा निकै नै बढ्ने संकेत देखिएको हो ।

# क्रेमलिनको सहयोगी कुद्रिन यान्डेक्सको वरिष्ठ सल्लाहकार नियुक्त

**एएफपी**

मस्को । रूसका राष्ट्रपति भ्लादिमिर पुटिनका लामो समयदेखिका सहयोगी एलेक्सी कुद्रिनले हालैका वर्षहरूमा क्रेमलिनको कडा नियन्त्रणका कारण पतन भएको रूसको सबैभन्दा ठूलो निजी प्रविधि कम्पनी यान्डेक्समा सामेल हुने बताउनुभएको छ ।

युक्रेनमा जारी द्वन्द्व र पश्चिमा प्रतिबन्धका कारण कम्पनीकासंस्थापक पलायन भएका कारण महिनौंदेखि कम्पनीमा कोलाहल बनिरहेको समयमा पूर्व अर्थमन्त्रीलाई सल्लाहकारको रूपमा नियुक्ति भएको हो ।

कुद्रिनले रूसको अडिट चेम्बरको प्रमुखपदबाट राजीनामा दिने घोषणा गरेको केही समयपछि नै 'जनतामा महत्वपूर्ण प्रभाव पार्ने' निजी पहलहरूमा ध्यान केन्द्रित गर्न यो घोषणा गरिएको हो ।

"मैले यान्डेक्सबाट कर्पोरेट विकास सल्लाहकार बन्ने प्रस्ताव स्वीकार गरें । व्यवस्थापनसँग सँगै म नयाँ कर्पोरेट संरचनाहरू विकास गर्नेछु, जसले अन्तर्राष्ट्रिय सहित सबै बजारहरूमा कम्पनीको दीर्घकालीन र दिगो विकास सुनिश्चित गर्नेछ,' कुद्रिनले आफ्नो सामाजिक सञ्जाल पेजमा लेख्नुभएको छ ।

उहाँले थप्नुभयो, "उहाँको मुख्य कार्यहरूमध्ये एक यान्डेक्सको अद्वितीय व्यवस्थापन र प्रविधि संस्कृतिको संरक्षण गर्न मद्दत गर्नु हो । यो एक स्वतन्त्र र रूसको सर्वश्रेष्ठ आईटी कम्पनी रहोस्, जहाँ सबैभन्दा प्रतिभाशाली व्यक्तिहरू काम गर्न चाहन्छन् ।'

युक्रेनमा रूसले शुरू गरेको पश्चिमी प्रतिवन्धको कारण कम्पनी रूसी र अन्तर्राष्ट्रिय व्यवसायहरूमा विभाजित भइरहेको छ। एक कदम विश्लेषकहरू भन्छन् कि एक पटक रूसको सफलताको कथाको रूपमा हेरिएको मा सरकारी नियन्त्रणलाई बलियो बनाउनेछ । क्रेमलिनले निजी कम्पनीहरूलाई स्वतन्त्र रूपमा अघि बढ्ने अवस्थालाई रोक्ने प्रवृत्तिलाई पछ्याउँदै यो कदम चालिएको हो ।

सबै प्रमुख संचार संस्थाहरू या त राज्यको स्वामित्वमा छन् वा क्रेमलिनको लाइनलाई नजिकबाट पछ्याइरहेका छन् । कुनै समय अभिव्यक्ति स्वतन्त्रताको बलियो आधार मानिएको रूसमा इन्टरनेटमा स्वतन्त्रता कम हुँदै गएको भन्दै पर्यवेक्षकहरूले चेतावनी दिएका छन्। कुद्रिनले रूसको अर्थमन्त्रीको रूपमा सन् २००० देखि २०११ सम्म काम गर्नुभएको थियो ।सन् २०११ मा तत्कालीन राष्ट्रपति दिमित्री मेदभेदेवले उहाँलाई पदबाट हटाई पछि अडिट चेम्बरको अध्यक्ष नियुक्त गर्नुभएको थियो।

***क्रेमलिनले निजी कम्पनीहरूलाई स्वतन्त्र रूपमा अघि बढ्ने अवस्थालाई रोक्ने प्रवृत्तिलाई पछ्याउँदै यो कदम चालिएको हो। सबै प्रमुख संचार संस्थाहरू या त राज्यको स्वामित्वमा छन् वा क्रेमलिनको लाइनलाई नजिकबाट पछ्याइरहेका छन्।***

# बाढीका कारण पाकिस्तानको अर्थतन्त्रमा ३० अर्ब अमेरिकी डलरभन्दा बढी क्षति

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानले यस वर्षको विनाशकारी बाढीका कारण अर्थतन्त्रमा ३० अर्ब अमेरिकी डलरभन्दा बढीको नोक्सानी बेहोरेको छ । उक्त क्षति देशको कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत रहेको पाकिस्तानी योजना, विकास र विशेष पहल मन्त्री अहसान इकबालले सोमबार उल्लेख गरेका छन् ।

"पाकिस्तान जलवायु परिवर्तनको सामना गर्ने सबैभन्दा कमजोर देश हो। बाढीबाट हुने क्षति र नोक्सानी पाकिस्तानको अर्थतन्त्रमा ठूलो बोझ बन्ने गरेको मन्त्रीले यहाँ आयोजित राष्ट्रिय बाढी प्रतिक्रिया केन्द्रको कार्यक्रमलाई सम्बोधन गर्दै सो धारणा व्यक्त गरेका हुन् ।

इकबालले सामाजिक सहयोगबाट सरकारले बाढीको सङ्कटबाट अधिकांश आफ्नै स्रोतसाधनले बाहिर उम्कन सफल भएको यद्यपि चुनौती अझै समाप्त नभएको बताउँदै अन्तरराष्ट्रिय समुदाय र परोपकारीहरुलाई बाढीपीडितलाई सहयोग जारी राख्न आग्रह गरेका छन् ।

## विश्वकप फुटबल

# फ्रान्स क्वाटरफाइनलमा



काठमाण्डु । फ्रान्स फिफा विश्वकप फुटबल २०२२ को क्वाटरफाइनलमा पुगेको छ ।

कतारको अल थुमामा स्टेडियममा सोमबार भएको खेलमा फ्रान्सले पोल्यान्डलाई ३-१ गोलअन्तरले पराजित गर्‍यो । जीतसँगै साविक विजेता फ्रान्स क्वाटरफाइनलमा पुग्ने तेस्रो टोली बन्यो ।

यसअघि हिजो सम्पन्न खेलमा नेदरल्यान्ड्स र अर्जेन्टिना क्वाटरफाइनलमा पुगिसकेका छन्। नेदरल्यान्डसले अमेरिकालाई ३-१ गोलअन्तरले हराउँदै क्वाटरफाइनलमा पुगेको थियो भने अर्जेन्टिनाले अस्ट्रेलियालाई २-१ गोलअन्तरले हराउँदै क्वाटर फाइनमा प्रवेश गरेको हो ।

फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गर्‍यो भने दोस्रो हाफमा दुई गोल थप्यो । खेलको पहिलो हाफमा फ्रान्सका स्ट्राइकर ओलिभिएर जिरुडले गोल गर्दै पहिलो अग्रता लिए। उनले खेलको पहिलो हाफको ४४औं मिनेटमा किलियन एमबाप्पेको पासमा गोल गर्दै फ्रान्सलाई पहिलो अग्रता दिलाए ।

त्यस्तै खेलको ७४औं मिनेटमा एमबाप्पेले गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए। उनले ओस्मान डेम्बेलेको पासमा पेनाल्टी क्षेत्रभित्रबाट गरेको प्रहार गोलमा परिणत भएको थियो ।

त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा एमबाप्पेले व्यक्तिगत दोस्रो गोल गरेपछि फ्रान्सको जीत पक्का भएको थियो । खेलको दोस्रो हाफको अतिरिक्त समयको अन्तिम मिनेटमा पोल्यान्डले पेनाल्टीमार्फत एक सान्त्वना गोल गर्यो । रोबर्ट लेवान्डोस्कीको प्रहारलाई गोलरक्षक ह्युगो लोरिसले बचाए पनि रेफ्रीले पुनः प्रहार गर्न निर्णय दिए । प्रहार गर्नुअघि गोलरक्षक लोरिस गोल लाइनबाट बाहिर आएकाले पुनः प्रहार गर्न पाएका थिए । दोस्रो प्रयासमा भने उनले गोल गर्न सफल भए ।

विश्वकपमा फ्रान्स समूह डिको विजेताका रुपमा अन्तिम १६ मा प्रवेश गरेको थियो भने पोल्यान्ड समूह सिको उपविजेताको रुपमा अन्तिम १६ मा प्रवेश गरेको थियो ।रासस

## विश्वकप फुटबल

# इङ्गल्याण्ड क्वाटरफाइनलमा

काठमाण्डु । इङ्गल्याण्ड जारी विश्वकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

कतारको अल बयात रङ्गशालामा भएको खेलमा इङ्गल्याण्डले सेनेगललाई ३-० गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो । इङ्गल्याण्डका लागि खेलको ३८औं मिनेटमा जोर्डान हेन्डर्सनले गोल गर्दै अग्रता दिलाए भने पहिलो हाफको अतिरिक्त समयमा हेरी केनले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । साथै, खेलको ५७औं मिनेटमा बुकायो साकाले थप एक गोल गर्दै इङ्गल्याण्डलाई तीन गोलको अग्रता दिलाए ।

त्यसपछि खेलमा कुनै गोल हुन सकेन र खेल इङ्गल्याण्डले ३-० ले जित्यो ।इङ्गल्याण्डले क्वाटरफाइनलमा फ्रान्ससँग खेल्नेछ ।

# राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उपाधि सुदूरपश्चिमले जित्यो




काठमाण्डु । लुम्बिनी प्रदेशलाई पराजित गर्दै सुदूरपश्चिम प्रदेश यू-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा च्याम्पियन बनेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको फाइनल खेलमा लुम्बिनी प्रदेशलाई ६ विकेटले पराजित गर्दै सुदूरपश्चिम च्याम्पियन बनेको हो । लुम्बिनी प्रदेशले दिएको ९३ रनको सामान्य रनको लक्ष्य सुदूरले २१ ओभरमा ४ विकेट गुमाएर पूरा गर्‍यो । सुदूरका लागि गजेन्द्र बोहोराले अविजित ३९ रन बनाए । दीपक बोहोराले २५ रन बनाए भने अनुराग सिंहले २२ रन जोडे ।

यता लुम्बिनीका लागि रमेश कुर्मीले २ विकेट लिए भने निर्मल गुरुङ र अभिषेक गौतमले समान १/१ विकेट विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनी २९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै ९२ रनमा समेटियो । लुम्बिनीका लागि आकाश त्रिपाठीले सर्वाधिक ३८ रन बनाए भने नर सार्कीले ११ रन जोडे। सुदूरपश्चिमका लागि मिलन बोहोरा एक्लैले ५ विकेट लिए भने हेमन्त धामी र नरेन साउदले समान २/२ विकेट लिए । यस उपाधिसँगै सुदूरले रु दुई लाख प्राप्त गर्यो। उपविजेतामा चित्त बुझाएको लुम्बिनीले रु एक लाख पायो । यही मङ्सिर ७ गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा प्रदेश १, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशसहित सात प्रदेशको सहभागिता रहेको थियो ।रासस

# विश्वकपको 'सपना' साकार पार्ने एमबाप्पेको ध्यान

**एएफपी**

दोहा । फ्रान्सका फरवार्ड केलियन एमबाप्पेले आइतबार कतारमा भएको खेलमा डिफेन्डिङ च्याम्पियन फ्रान्सलाई जीत दिलाउँदै दोस्रो पटक विश्वकपको उपाधि जित्ने आफ्नो 'सपना' साकार पार्न केन्द्रित रहेको बताएका छन् । एमबाप्पेको दुई गोलका साथै एक गोलका लागि बल पास गरेपछि पोल्याण्डलाई ३-१ ले पराजित गर्दै फ्रान्स अन्तिम आठमा पुगेको छ । क्वाटरफाइनलमा फ्रान्सले इग्ल्यान्डसँग खेल्नेछ । २३ वर्षीय र एमबाप्पेले यस प्रतियोगितामा पाँच गोल गरिसकेका छन् र विश्वकपमा उनको कुल गोल सङ्ख्या नौ पुगेको छ।

"म विश्वकपका उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई प्रदान गरिने क्रमशः गोल्डेन बल वा गोल्डेन बुटबारे सोचिरहेको छैन,' पेरिस सेन्ट जर्मेन (पिएसजी) का फरवार्डले भने । उनले भने, "मेरो एकमात्र उद्देश्य विश्वकप जित्नु हो । अहिले क्वार्टरफाइनल सबैभन्दा महत्वपूर्ण कुरा हो । यो एक मात्र चीज हो जसले मेरो विश्वकप जित्ने सपना साकार पार्न सक्नेछ। म यहाँ विश्वकप जित्न र राष्ट्रिय टोलीलाई सहयोग गर्न आएको हुँ, अरु केही होइन ।'

एमबाप्पेले आइतबारसम्म आफूले सञ्चारमाध्यमसँग कुरा नगर्नुको कारण पनि स्पष्ट पारेका छन् । उनले भने, "पत्रकारप्रति मेरो व्यक्तिगत कुनै आपत्ति छैन । मैले फुटबल र प्रतियोगितामा मात्र ध्यान केन्द्रित गर्न आवश्यक छ । म कुनै कुरामा ध्यान केन्द्रित गर्नका लागि अपनाउने तरिका मात्र हो ।'रासस



सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित जलासयमा माछा मार्दै स्थानीयवासी । *तस्बिर : रासस*

# जलविद्युत् आयोजनामा परीक्षण उत्पादन सुरु

काठमाण्डु । मोदी खोलामा निर्माणाधीन १८ मेगावाट क्षमताको मध्यमोदी जलविद्युत् आयोजनाको निर्माण पूरा भएको छ । आयोजनाको सम्पूर्ण काम पूरा भएर परीक्षण उत्पादनको तयारी सुरु गरिएको हो ।

मिडिल मोदी हाइड्रोपावर लिमिटेडले विसं २०७१ को मङ्सिरमा सुरु गरेको आयोजना आठ वर्षको अवधिमा सम्पन्न भएको हो । करिब रु चार अर्बको लगानीमा निर्माण भएको आयोजनाबाट सोमबारदेखि परीक्षण उत्पादन सुरु गरिएको आयोजना प्रमुख प्रताप खरेलले जानकारी दिनुभयो । नेपाल विद्युत् प्राधिकरणको टोलीले परीक्षण उत्पादन र प्रसारण लाइनमा जडान गर्ने कार्यको अध्ययन गरिरहेको खरेलले जानकारी दिनुभयो ।

निर्माण थालेको तीन वर्षमा नै काम पूरा गर्ने लक्ष्य राखिए पनि भूकम्प, नाकाबन्दी र कोभिड-१९ को असरका कारण आयोजना पाँच वर्षपछि धकेलिएको हो । आयोजना प्रमुख खरेलका अनुसार परीक्षण उत्पादन सुरु गरेपछि उत्पादित विद्युत् एक सय ३२ केभी क्षमताको मोदी-लेखनाथ सबस्टेसनमा जडान गर्ने तयारी भइरहेको छ । चौध दिनसम्मको परीक्षणपछि मात्र केन्द्रीय प्रसारण लाइनमा जोडिने भएको छ ।



आयोजनाको ड्याम, टनेल, पावर हाउस, टावर निर्माणलाई आयोजनाका प्रमुख र जटिल कामका रूपमा लिने गरिन्छ ती सबै काम पूरा भएका छन् । प्रसारण लाइनसमेतको निर्माण सकिएपछि परीक्षण उत्पादन थालिएको खरेलले बताउनुभयो ।

सुरुआतमा रु दुई अर्ब ८० करोड लागत लाग्ने अनुमान गरिएको आयोजनाको निर्माण चौधरी ग्रुपले गरेको हो । विसं २०७१ मा ग्रुपका अध्यक्ष विनोद चौधरीले आयोजनाको शिलान्यास गर्नुभएको थियो । तीन वर्षमा नै निर्माणको काम सकेर २०७४ मङ्सिरमा काम पूरा गर्ने लक्ष्य राखिएको भए पनि प्रभावित क्षेत्रका नागरिकको पटकपटकको आन्दोलन र विरोध तथा प्राकृतिक विपद्का कारण आयोजनाको काम लम्बिएको आयोजना प्रमुख खरेलले जानकारी दिनुभयो । त्यसका कारण लागतसमेत ह्वात्तै बढेको छ ।

विसं २०७२ मा भूकम्पको मारमा परेको आयोजनाले बाढी र पहिराको पनि उस्तै सामना गर्नुपरेको थियो । पछिल्लो एक वर्षयता आयोजना निर्माण कार्यमा कुनै पनि पक्षबाट विरोध नभएका कारण कामले तीव्रता पाएको थियो ।

पर्वतको मोदी गाउँपालिका-२ केङ्गामा पावर हाउस राखिएको आयोजनाको बाँध भने कास्कीको अन्नपूर्ण गाउँपालिका-३ वीरेठाँटीमा रहेको छ । आयोजनाको दुई हजार तीन सय ९३ मिटर लामो सुरुङमा मोदी खोलाको पानी ल्याइनेछ । निर्माण सुरु गर्ने बेलामा १५ दशमलव एक मेगावाट क्षमतामा आयोजना सञ्चालन गर्ने भनिएको भए पनि निर्माण कार्य सँगसँगै क्षमता बढेर १८ मेगावाटमा पुगेको छ ।रासस

# सुन्तलाको बजारीकरणमा समस्या झेल्दै किसान

काठमाण्डु । कैलालीको चुरेपहाडी क्षेत्र निगालीका किसान टीकाराम आचार्य आफ्नो बारीको बोटमा हाँगा भाँचिने गरी लटरम्म सुन्तला फलेपछि खुसी हुनुभएको थियो । तर सुन्तलाले बजार नपाएपछि भने उहाँको चिन्ता बढिरहेको छ ।

“यसपाली विगतका वर्षभन्दा सुन्तला उत्पादन बढ्दा खुसी छौँ”, उहाँले भन्नुभयो, “उत्पादित सुन्तलाको उचित मूल्य पाउन नसकेपछि भने चिन्ता थपिएको छ ।” उहाँको बारीमा सुन्तलाका पाँच सयभन्दा बढी बोट छन् । आचार्यले यस वर्ष निगाली र आसपासको क्षेत्रमा दुई हजार क्विन्टलभन्दा बढी सुन्तला फलेको हुनुसक्ने अनुमान गर्नुभयो ।

निगालीमा उत्पादित सुन्तलाको नजिकैका मुख्य बजार धनगढी, महेन्द्रनगर र अत्तरिया हुन् । निगालीबाट अत्तरिया झण्डै ५५, धनगढी ६५ र महेन्द्रनगर एक सय किलोमिटरको दूरीमा छन् । चर्को ढुवानी भाडाका कारण बजारसम्म सुन्तलाको ढुवानी गर्न समस्या भइरहेको किसानको



भनाइ छ । बजारीकरणको समस्या भए पनि निगाली क्षेत्रमा एक किसानले वर्षमा सुन्तला बिक्रीबाट मात्रै कम्तीमा रु ५० देखि बढीमा रु छ लाखसम्म आम्दानी गर्ने गरेका छन् ।

निगाली क्षेत्रमा शीतभण्डार गृह (कोल्डस्टोर) निर्माण गर्नुपर्ने किसानको धेरै वर्षअघि देखिको माग अझैँ पूरा हुनसकेको छैन । कोल्डस्टोरको अभावमा फलेको सुन्तला किसानले भण्डारण गर्न पाइरहेका छैनन् ।

“अहिले भण्डारण गरेर यो सुन्तला फागुन, चैततिर बेच्दा मूल्य पाउँथ्यौँ, तर कोल्डस्टोर नहुँदा सुन्तला सस्तोमा दिनुपरेको छ”, अर्का किसान सङ्गम आचार्यले भन्नुभयो । निगाली क्षेत्रलाई सरकारले सुन्तला उत्पादनको पकेट क्षेत्र घोषणा गरेको लामोसमय भइसकेको छ ।

“सरकारको सम्बन्धित निकायले कतिपय किसानलाई सुन्तलाको बेर्नासम्म निःशुल्क उपलब्ध गराउँछ”, आचार्यले भन्नुभयो, “उपलब्ध गराइएका बेर्ना पनि काम नलाग्ने देखिन थालेपछि आफै नर्सरी बनाएर बेर्ना तयार गर्ने गरेका छौँ ।” अन्यत्रबाट ल्याइएको उन्नत जातको सुन्तलाभन्दा स्थानीय जातको स्वदिलो एवं मीठो हुने हुँदा किसान आफैले स्थानीय जातको सुन्तलाको बीउ तयार गरेर बोट रोप्ने गरेका छन् ।

सुन्तला खेती विस्तार हुँदै गए पनि भरपर्दो सिँचाइको असुविधा किसानलाई भइरहन्छ । सुन्तला बेच्न धनगढी पुग्नुभएका निगाली नजिकैको डोटीको जोरायल क्षेत्रका किसान प्रेम बोहराले केही वर्षदेखि निगाली क्षेत्रका साथै आसपासका अन्य क्षेत्रमा पनि सुन्तला खेती विस्तार भइरहेको बताउनुभयो । खानमा निकै स्वादिलो र रसिलो हुने भएकाले निगालीको सुन्तलाको माग बजारमा बढी हुने गरेको छ ।

धनगढीको कृषिहाट बजारमा निगालीको सुन्तलाको प्रचार गर्दै व्यापारीबीच सुन्तला बिक्री गर्ने प्रतिस्पर्धा चलेको देखिन्छ । सुन्तला बेच्दै गरेको भेटिनुभएका स्थानीय तीर्थराज ओझाले भन्नुभयो, “फलफूल बजारमा यतिबेला स्थानीय क्षेत्रमा उत्पादित सुन्तलाले बजार पाउँदा भारतबाट भित्रिने सुन्तलाको आयात निकै घटेको छ ।”

निगाली क्षेत्रले स्वादिलो सुन्तला उत्पादनमा पहिचान बनाए पनि त्यसको व्यवस्थित बजारीकरण हुन नसकिरहेको व्यापारीको समेत भनाइ छ । यसवर्ष चाहिने समयमा वर्षा भएको र असिनावृष्टि नभएका कारण सुन्तला उत्पादन वृद्धि भएको बताइएको छ ।

निगाली क्षेत्रका सुन्तला बगैँचामा यति बेला हाँगा भाँचिने गरी सुन्तला लटरम्म फलेका छन् । थोक मूल्यमा खरिद गर्नका लागि बारीमै पुग्ने व्यापारीले पूरै बारीको ठेक्का बोलेर सुन्तला खरिद गर्ने गरेका छन् । सुन्तलाको बोटका हाँगा पहेँलो भइसुक्ने र दानामा दाग लाग्ने रोगको समस्या भने बेलाबखत देखिने गरेको छ ।

सो क्षेत्रमा बर्सेनि सुन्तला खेतीको विस्तार हुँदै गएको छ । अहिले निगालीमा मात्रै व्यावसायिक रुपमा सुन्तलाखेती गर्ने किसान तीन सयभन्दा बढी पुगिसकेका छन् । यति बेला बारीमा थोक मूल्यमा प्रतिकिलो रु ६० देखि ७० मा बिक्री हुने सुन्तला बजारमा पुर्‍याएर बिक्री गर्नेले प्रतिकिलो रु एक सयदेखि रु एकसय ४० सम्म मूल्य तोकेका छन् ।रासस

# धान उत्पादन बढ्यो

कञ्चनपुर । कञ्चनपुरमा यसवर्ष धान उत्पादनमा वृद्धि भएको छ । कृषि ज्ञान केन्द्र कञ्चनपुरका अनुसार गत वर्षको तुलनामा यसवर्ष धानको उत्पादकत्व १ दशमलव ३७ ले बढेको छ । कृषिज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकारी हरिदत्त जोशीले यसवर्ष कञ्चनपुरमा धान उत्पादन प्रति हेक्टर ३ दशमलव ९२प्रतिहेक्टर छ ।

“गतवर्ष बेमौसमी वर्षाका कारण किसानको धान उत्पादनमा क्षति पुगेको थियो”, उहाँले भन्नुभयो, “तर यसवर्ष धानको उन्नत जातका बीउको प्रयोग र नियमित वर्षाका कारण धान उत्पादन बढेको हो ।” उहाँका अनुसार यसवर्ष कञ्चनपुरमा एक लाख ९० हजार एक सय चार मेट्रिन टन धान उत्पादन भएको छ ।

गतवर्ष कञ्चनपुरमा धानको उत्पादन २ दशमलव ५५ मेट्रिक टन प्रतिहेक्टर थियो ।जिल्लामा ४८ हजार छ सय हेक्टरमा धानखेती हुन्छ । सूचना अधिकारी जोशीका अनुसार यहाँ उत्पादन हुने कञ्चनपुरमा खपत भइ ८६ हजार मेट्रिक टन धान बचत हुने प्रारम्भिक अनुमान गरिएको छ ।

“कञ्चनपुर धान, गहुँ र मकैमा आत्मनिर्भर बनेको छ”, उहाँले भन्नुभयो । किसानले समयमै रासायनिक मल पाउन सके धान उत्पादन अझै बढ्न सक्ने किसानहरु बताउँछन् । भीमदत्तनगरपालिका-१५ का विष्णु जोशीले सरकारले समयमै मल उपलब्ध गराउन सके धान,गहुँको उत्पादकत्व बढ्ने बताउनुभयो ।

“समयमै मल पाउन सकेको भए अझ राम्रो उत्पादन हुन्थ्यो हामीसँग उन्नत जातको बीउको पनि कमी छ”, उहाँले भन्नुभयो, “पर्याप्त सिचाँइको सुविधा भए यहाँको उत्पादनले सुदूरका पहाडी जिल्लामा समेत खाद्य आपूर्ति गर्न सकिन्छ ।” तराईका दुई जिल्ला कञ्चनपुर र कैलालीलाई सुदूरको खाद्य भण्डारको रुपमा लिइन्छ ।रासस

# नेप्से परिसूचक २४ दशमलव ४६ अङ्कले घट्यो

काठमाण्डु । सोमबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । परिसूचक २४ दशमलव ४६ अङ्कले घटेर एक हजार नौ सय ३८ दशमलव ७६ अङ्कमा कायम भएको हो । सोमबार दुई सय ४० वटा कम्पनीको ४१ लाख २७ हजार दुई सय ८६ कित्ता शेयर २६ हजार चार सय ७५ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ६७ करोड चार लाख ५५ हजार बराबरको कारोबार भएको छ ।

सोमबारको कारोबारमा १४ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने एक सय ८१ वटा कम्पनीको शेयर मूल्य घटेको छ । त्यस्तै, सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक सय ३५ दशमलव ९२ अङ्कले घटेको छ भने उत्पादन समूहको उपसूचक एक सय २३ दशमलव ४७ अङ्कले घटेको छ ।

बैंकिङ समूह नौ दशमलव ७८, विकास बैंक समूह ५३ दशमलव २१, वित्त समूह ३७ दशमलव ७५, होटल तथा पर्यटन समूह ३५ दशमलव ७४ र जलविद्युत् समूह ३५ दशमलव ०३ अङ्कले घटेको नेप्सेले जनाएको छ । त्यस्तै, लघुवित्त समूह ५८ दशमलव ५७, निर्जीवन बीमा समूह ९१ दशमलव ९५, व्यापार समूह २६ दशमलव २९, लगानी समूह शून्य दशमलव ६९ र अन्य समूह २८ दशमलव २७ अङ्कले घटेको छ । कारोबारपछि सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै तीन दशमलव १२ प्रतिशतको वृद्धि देखिएको छ । त्यस्तै, सबैभन्दा धेरै अजोड इन्स्योरेन्स लिमिटेडका लगानीकर्ताले सात दशमलव ३७ प्रतिशतका दरले गुमाएका छन् । कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिडी पावर कम्पनी लिमिटेडको ३० करोड ८३ लाख ५७ हजार र शिवम् सिमेन्टको २० करोड २३ लाख ४६ हजार छ सय ६२ कित्ता बराबर कारोबार भएको छ ।रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, पर्सा पतैली गा.वि.स. वडा नं. ४ घर भई हाल महोत्तरी जिल्ला, जलेश्वर वडा नं. ५ बस्ने श्री गुन्जेश्वर राउत को नाती, श्री अभिराम राउत शर्मा को छोरा वर्ष ४५ को श्री **मुकेश शर्मा को** मिति **२०७९/०७/०२** गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२०८८५ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकी पत्नी श्रीमती अनिता शर्मा ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर– २, धनुषा**
फोन ०४१–५९०२६१



## Nepal Rastra Bank
### Janakpur Office
## Invitation for Sealed Quotation

**Date of Second Publication: 2079/08/20**

| S. N. | Sealed Quotation No. | Goods | Quantity | Cost Estimate with VAT (Nrs) | Bid Bond Amount (Nrs) |
|---|---|---|---|---|---|
| 1. | SQ/Goods/ 01/2079/80 | Air conditioner Inverter Type (2.0 ton) | 5 Units | 10,00,000.00 | 30,000.00 |

1. The Nepal Rastra Bank (NRB), Janakpur Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of above goods.
2. Interested eligible Suppliers may obtain further information and inspect the Sealed Quotation Forms at the office of Nepal Rastra Bank, Janakpur Office, Tel: 041-426629, 041-426362, Email: nrbjnp@nrb.org.np.
3. Sealed Quotation Forms may be purchased by eligible Suppliers on the submission of a written application along with authorized dealer certificate of any brand, Company registered document and Voucher upon payment of a non-refundable fee of Rs. 1,000.00 for each sealed quotation form deposited in profit loss miscellaneous account (1600000/030/002/524) till 2079/09/05 up to office hour.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 Noon on 2079/09/06. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days from the last date of submission of Sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned above, which shall be valid for 75 days from the last date of submission of Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Sundry Creditors Account No.1609999-011-001-524 at Nepal Rastra Bank, Janakpur Office and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of supplier's authorized representative who chooses to attend at 2:00 PM on 2079/09/06 at the Nepal Rastra Bank, Janakpur Office.
8. If the last date of purchasing, submission and opening falls on a public holiday then the next working day shall be considered the last day.
9. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# व्यवसायीहरुद्वारा उद्योग व्यापार फस्टाउने वातावरण निर्माणको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका व्यवसायीहरुले लामो समयदेखि जग्गाको कित्ता काट रोकले उद्योग व्यापारमा प्रतिकूल असर पारेको तर्फ नगर प्रमुख मनोज कुमार साहलाई ध्यानाकर्षण गराएका छन् ।

'जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको नेतृत्वमा पुगेको टोलीले नगरप्रमुख साहलाई साहलाई ध्यानाकर्षण गराउँदै अविलम्व नक्सांकन गरी पठाउने व्यवस्था गर्न माग गरेका छन् ।'

जनकपुरधामको नगर क्षेत्रमा कृषि बजारको अभाव रहेकोले एकीकृत कृषि बजार स्थापना गर्नुपर्ने, जनकपुरधाम उपमहानगरपालिकाको राजश्वमा वृद्धि गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने र उद्योगमैत्री वातावरण निर्माण गर्न आफ्नै औद्योगिक क्षेत्र स्थापना गर्नुपर्नेतर्फ पनि ध्यानाकर्षण



गराएका छन् । त्यस्तै,जनकपुरधाम उपमहानगरपालिका प्रादेशिक राजधानीको रुपमा स्थापित भइसकेको अवस्थामा यस क्षेत्रमा ठूला स्टार होटलहरु स्थापना गर्न व्यवसायीहरु आकर्षित भएकोले परिक्रमा सडक बाहिर पर्ने गरी ठूला र व्यवसायिक भवन निर्माणमा घरको उचाई सम्बन्धी मापदण्ड हटाउने व्यवस्था मिलाउनुपर्ने, जनकपुरधाम आफैमा सांस्कृतिक नगरको पहिचान कायम राखेकोले एकीकृत वधशाला निर्माण गरी खुला रुपमा माछा, मासु बिक्री गर्ने नपाइने व्यवस्था गर्नुपर्ने, नगरभित्रको फोहोर व्यवस्थापनका लागि लामो समयदेखि सार्वजनिक महत्व र चासोको विषय ल्याण्ड फिल्ड साइट अविलम्व निर्माण गुर्नुपर्ने मागसमेत उद्योगी व्यवसायीहरुले राखेका छन् ।

साथै जनकपुरधाम बजार क्षेत्र भित्रको सडकमा गरिने पार्किङ्गलाई व्यवस्थित गरी एकतर्फि पार्किङ्ग गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी बाहिरबाट आउने पर्यटकका लागि पार्किङ्गको व्यवस्था मिलाई जनकपुरधामका मठमन्दिरसम्मको पहुँच सहज बनाउनसमेत उनीहरुले ध्यानाकर्षण गराएका छन् ।

# सभापति राइन पार्टीबाट निकालिए

**टुडे समाचारदाता**

जनकपुरधाम । सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा आफ्ना उम्मेदवारको विरुद्ध अर्का उम्मेदवारलाई सहयोग गरेको भन्दै मुस्लिम संघ धनुषाका सभापति तथा क्षेत्रीय प्रतिनिधि इव्राहिम राइनलाई पाटीबाट निष्काशन गरिएको छ ।

जनकपुरधाम उप-महानगरपालिका-१९वेंगाशिवपुरका सभापति विजयकुमार यादवले सभापति इव्राहिमलाई पार्टीबाट निष्काशन गरिएको जानकारी दिएका छन् । हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा पार्टीका उम्मेदवार महेन्द्र यादव र प्रदेशसभाका उम्मेदवार शेषनारायण यादव विरुद्ध उनले एमालेका उम्मेदवार रघुवीर महासेठ र सन्तोष यादवको प्रचारमा लागेका थिए ।

उनी कोठे वैठकदेखि खुलेआम पार्टीका उम्मेदवार विरुद्ध लागेको र पार्टीका उम्मेदवारलाई झिनो मतान्तरले पराजित गराउनमा ठूलो भूमिका निर्वाह गरेका कारण पार्टीबाट निष्काशन गरिएको जनाइएको छ ।

सभापति राइन पार्टीका पूर्व उप-सभापति विमलेन्द्र निधि निकट मानिएका छन् । उनलाई मुस्लिम संघको सभापति बनाउन निधिको ठूलो हात रहेको र उनी निधिकै इसारामा पार्टीका उम्मेदवारहरुको विरुद्धमा लागेको समेत सभापति यादवले आरोप लगाएका छन् ।

निर्वाचन भन्दा पहिलानै निधि धनुषा निर्वाचन क्षेत्र नम्वर ४ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेन्द्रलाई हराउने हल्ला चलेको थियो । यता,राइनको भूमिका पनि शंकास्पद र विवादास्पद देखिएको कारण उनलाई पार्टीबाट निष्काशन गरिएको क्षेत्र नम्वर ४(१), क्षेत्र नम्वर ४, जिल्ला कार्यसमिति, प्रदेश कमिटी र केन्द्रीय कार्यालयलाई जानकारी गराइएको सभापति यादवले जनाएका छन् ।

# दिदी बहिनी पालै पालो सांसद





टुडे समाचारदाता

राजविराज । सप्तरीबाट दिदीपछि बहिनी सांसद बन्ने भएकी छन् । माओवादी केन्द्र भन्दा गत निर्वाचनमा समानुपातिकबाट सांसद बनेकी रुवी कर्णको बहिनी माला कर्णलाई समानुपातिकवाट नाम सिफारिस गरिएको छ र महिला कलस्टरबाट सांसद बन्ने पक्का भएकी छन् ।

२०७४ को निर्वाचनमा माओवादी केन्द्रबाट समानुपातिकमा परेकी रुवी मधेश प्रदेश सरकारका गृह तथा सञ्चार राज्यमन्त्री छन् । उनी यस पटक भने समानुपातिकमा परेनन् । करिब एक दशकदेखि सप्तरीको राजविराजवाट सक्रिय पत्रकारिता पेशामा लागेकी माला सांसद बन्ने भएकी छन् ।

पत्रकारिता पेशामा आवद्ध भए पनि माला पार्टीमा सक्रिय भूमिका निर्वाह गर्दै आएकी छन् ।

# एम्बुलेन्स दुर्घटनामा ६ जना घाइते




**टुडे समाचारदाता**

बर्दिबास । बिरामी बोकेर अस्पतालतर्फ जाँदैगरेको एम्बुलेन्स दुर्घटना भएको छ। दुर्घटनामा ६ जना घाइते भएका छन्। एकको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घाइते जति सबै महिला तथा नाबालक रहेका छन्।

घाइते हुनेहरुमा रामगोपालपुर -९ का २४ वर्षीया विनीतादेवी यादवको अवस्था गम्भीर छ । यादवको शरीरको विभिन्न अंगमा चोट लागेकोले उनलाई राति नै जनकपुरस्थित न्यूरो अस्पतालमा भर्ना गरिएको थियो। प्रहरीकाअनुसार यादवका दुई महिनाकी छोरी र ३० वर्षीया जेठानीदिदी रानीदेवी यादव घाइते भएकी छन् । त्यस्तै, सोही ठाउँकी २५ वर्षीया प्रियंका देवी तथा १८ महिनाको छोरा रीतिक र ६० वर्षीया सासुआमा श्रीमती देवी समेत घाइते भएकी छन् । उनीहरूको अवस्था सामान्य रहेको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार जनकपुरस्थित जानकी एकेडेमीक हस्पिटलबाट मान्छे बोकेर पर्सातर्फ जाँदैगरेको ना अ प ९८ नम्बरको अनटेस्ट एम्बुलेन्स आइतबार राति साढे १० बजे महोत्तरीको मनरासिसवा -३ भोलही नजिक दुर्घटना भएको थियो ।

राति नै घटनास्थलमा पुगेका प्रहरी र स्थानीयले बिरामीलाई उद्धार गरी अस्पताल लगेका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सन्तोष पोखरेलका अनुसार एम्बुलेन्सलाई इटहरवाकट्टी स्थित इलाका प्रहरीको नियन्त्रणमा राखिएको छ । दुर्घटनालगत्तै चालक फरार छन् । दुर्घटनाको कारण स्पष्ट हुन नसकेको प्रहरीले जनाएको छ ।

# मधेश प्रदेशमा पुरुष अभागी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा समानुपातिकतर्फ पुरुषहरु अभागी देखिएका छन् । एक नम्बरमा नाम रहेका पुरुषहरुलाई पछार्दै भाग्यमानी महिलाहरु प्रदेशसभाका लागि यात्रा तय गर्ने भएकी छन् ।

मधेश प्रदेशसभामा समानुपातिक प्रणालीबाट चुनिने ४३ सांसदमध्ये मधेशी ५४.३६ प्रतिशत, दलित १७.२९ प्रतिशत, मुस्लिम ११.५८ प्रतिशत, जनजाति ६.६१ प्रतिशत र खसआर्य ४.८९ प्रतिशत समावेश गराउनु पर्ने हुन्छ । यसरी छान्दा अल्पसंख्यक समुदायबाट २५.१७ र पिछडिएका क्षेत्रबाट २.११ प्रतिशत नाम समावेश हुनुपर्दछ ।

मधेश प्रदेश सभाका कुल १ सय ७ सदस्यमध्ये ३६ जना महिला अनिवार्य हुनुपर्ने संवैधानिक व्यवस्था अनुसार दलहरुले समानुपातिक प्रणालीबाट ३१ जना महिलालाई छनोट गर्नु पर्नेछ । मधेश प्रदेशमा प्रत्यक्षबाट चारजना महिला निर्वाचित भइसकेकी छन् ।

प्रदेशसभामा प्रत्यक्षतर्फ महोत्तरी १ (क) बाट नेकपा एमालेकी शारदा थापा, महोत्तरी २ (ख) बाट स्वतन्त्र उम्मेदवार सुरिता कुमारी साह, महोत्तरी ३ (ख) बाट लोसपाकी रानी कुमारी तिवारी र सर्लाही १ (ख) बाट नेकपा एसकी बेची लुंगेली निर्वाचित भएकी छन् । तर, प्रत्येक पार्टीले समानुपातिकमा महिला ३३ प्रतिशत पुऱ्याउनु पर्नेछ ।

१ सय ७ सदस्यीय मधेश प्रदेशसभामा प्रत्यक्षबाट ६४ र समानुपातिकबाट ४३ सदस्य छानिन्छन् । तर,महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ को (ख)बाट स्वतन्त्र विजयी भएकी सुरिता साहलाई त्यसमा जोडिने छैन् । मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ एमालेले १५, कांग्रेसले १३, जसपाले ९, लोसपाले ७, जनमतले ६, नेकपा एस र माओवादीले ४/४ सिट जितेको छ भने ६ जना स्वतन्त्र निर्वाचित भएका छन् ।

समानुपातिकबाट कांग्रेसले ९, एमालेले ८, जनमत पार्टीले ७, जसपाले ६, माओवादीले ४, नेकपा एसले ३, लोसपाले २ र राप्रपा, नेपाल संघीय समाजवादी पार्टी तथा नागरिक उन्मुक्ति पार्टीले १/१ सिट पाएका छन् ।

नेपाली कांग्रेसले मधेश प्रदेशसभामा समानुपातिकतर्फ पाएको ९ सिटमा ७ जना महिलालाई समावेश गर्नुपर्नेमा मधेशी कोटाबाट रेखा ठाकुर, जिवछीकुमारी यादव, इन्दुकुमारी साह र अञ्जना पण्डितको नाम छनोट गरेको छ । त्यस्तै, दलित कोटाबाट शकुन्तीदेवी महरा, मुस्लिमबाट नुरुन नेसा, जनजातिबाट मीनाकुमारी लामाको नाम छनोट गरेको छ भने मधेशी पुरुषबाट कुमरकान्त झा र राकेशकुमार सिंह समानुपातिक सांसद बन्ने भएका छन् ।

नेकपा एमालेले मधेशप्रदेशसभामासमानुपातिकतर्फ पाएको ८ सिटमा मधेशी महिलाबाट पल्टी देवी यादव, फुलो कुमारी देवी, विना देवी शर्मा र राजपतीदेवी जैसवालको नाम छनोट गरेको छ भने दलितबाट पल्टीदेवी महरा, मुस्लिमबाट जैनव खातुन, जनजातिबाट मञ्जुकुमारी थापामगर र पुरुषतर्फ मधेशीमा जयचन्द्र प्रसाद पटेललाई समानुपातिक सांसद बनाउन लागेको छ ।

जनमत पार्टीले पाएको समानुपातिक कोटाको ७ सिटमा मधेश प्रदेशसभामा मधेशी महिलाबाट बबिताकुमारी राउत इसर र अनिताकुमारी साहको नाम समावेश गरेको छ भने दलितबाट रञ्जुकुमारी मण्डल खंग, सपना दर्जी र पुरुष मधेशीबाट चन्दन कुमार सिंह, ऋषिकेश ठाकुर तथा दलितबाट सत्यनारायण खंग खत्वे सांसद बन्ने भएका छन् ।

उता, जसपाले पाएको समानुपातिक ६ सिटमा महिला मधेशीबाट विन्दुकुमारी यादव, किरणकुमारी साह र शोभादेवी देवलाई सांसद बनाउने भएको छ भने दलितबाट ललिता दास, मुस्लिमबाट शहिदा खातुन र मधेशी पुरुषबाट मनिषकुमार सुमनको नाम छनोट गरिएको छ । नेकपा माओवादी केन्द्रले समानुपातिकतर्फ पाएको ४ सिटमा मधेशी महिलाबाट सुनिता यादव र माला कर्णलाई सांसद बनाउन लागेको छ भने दलितबाट शारदा पहाडी तथा मधेशी पुरुषबाट झल्कु यादव सांसद बन्न लागेका छन् ।

नेकपा एकीकृत समाजवादीले पाएको ३ सिटमा मधेशी महिलाबाट सीताकुमारी देवी साह र मधेशी पुरुषबाट रत्नेश्वर गोइत यादव तथा सुरेन्द्रलाल कर्णलाई समानुपातिक सांसद बनाउने भएको छ ।

त्यस्तै ,लोकतान्त्रिक समाजवादी पार्टी नेपालले समानुपातिकतर्फ पाएको दुई सिटमा मधेशी महिलाबाट रुपाकुमारी यादव र दलितबाट अञ्जुदेवी बैठालाई सांसद बनाउने निर्णय गरेको छ ।

उता,राप्रपाले शम्भुप्रसाद यादव, नेपाल संघीय समाजवादी पार्टीले मोहम्मद मोसाहिद हुसेन र नागरिक उन्मुक्ति पार्टीले उर्मिलादेवी सिंहलाई समानुपातिक सांसद बनाउने भएको छ ।

मधेश प्रदेशमा एमाले, कांग्रेस वा जसपाले स्वतन्त्र उम्मेदवारलाई समेटेर आफ्नो नेतृत्वमा सरकार बनाउन सक्ने सम्भावना देखिन्छ । यसअघि २०७४ को निर्वाचनमा प्रदेशसभामा तत्कालीन संघीय समाजवादी फोरम २९ सिटसहित पहिलो दल बन्दा राष्ट्रिय जनता पार्टी २५ सिटसहित दोस्रो र नेकपा एमाले २३ सिटसहित तेस्रो दल बनेको थियो ।

# पराल बिक्रीले किसान खुशी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ग्रामीण भेगमा सडकको विकास भएसंगै धानको पराल बिक्री गर्न पाउँदा किसानहरू खुशी भएका छन् ।

ग्रामीण भेगमा हुलाकी सडक अन्तर्गत पोखरिया-लङ्गडी-भिस्वा सडक, वीरगञ्ज-ठोरी सडकखण्ड, जनता सडक, थरुहट सडकखण्डको निर्माणसंगै कृषि उत्पादन देशका अन्य भागसम्म पुग्न थालेका छन् ।

यसअघि यस भेगका किसानले धानको पराल, गहुँको छवाली, रबीबालीका भूस त्यतिकै जलाएर नष्ट गर्ने गरेका थिए । तर अहिले यी सबै पदार्थ बिक्री हुन थालेका छन् ।

धोबिनी गाउँपालिका-३ हरि हरपुरका किसान रामजनमप्रसाद कुर्मीका अनुसार व्यापारीहरूले खेतबाट पराल खरीद गरी लैजाने गरेका छन् । विगतमा वस्तुभाव बढी भएकाले तिनीहरूको लागि राख्ने र बढी भएको परालालाई खेतमै जलाएर नष्ट गर्ने गरेको उनले बताए । तर अहिले सो पराल बिक्री गरेर आम्दानी भइरहेको किसान कुर्मीले खुशी व्यक्त गरेका छन् ।

जगरनाथपुर गापा-६ का किसान गुलाबप्रसाद यादवले पराल बेचेर खासै धेरै आम्दानी नभए पनि गहुँबालीको लागि खेत जोताई र रासायनिक मलको खर्च टार्न सकिने बताए । व्यापारीहरूले ज्यामी लगाएर पराल ओसार्ने भएकाले बिक्री गर्न सहज भएको यादवले बताए । तर यसरी बिक्री गर्दा दाम राम्रो नलाग्ने गरेको यादवको भनाइ छ ।

हार्भेस्टर मेशिनबाट कटानी गरेको धानको पराल आफैले जम्मा गर्दा महँगोमा पराल बिक्री हुने गरेको यादव बताउँछन् ।

जीराभवानी गापा-२ सेढवाका किसान प्रदीप दास थारूले व्यापारीहरूले यस भेगका किसानहरूलाई ठग्ने गरेको आरोप लगाएका छन् । उनले परालको मात्रा धेरै भएका व्यापारीहरूले सर्वसाधारण किसानहरूलाई ठग्ने गरेको उनको बुझाइ छ । खेत, घर, खलियानमा पुगेर पराल खरीद गर्नेहरूले किसानसंग सस्तोमा खरीद गरेर व्यापारीलाई बढीमा बिक्री गर्दै आएका छन् ।

परालको मूल्य सस्तो भएको कारण कतिपय किसानहरूले अहिले पराल बिक्री नगरी भण्डार गरेर राखेका र उचित मूल्यमा बिक्री गर्ने सोच बनाएको थारूले बताए । जीराभवानी गापा-२ वसन्तपुरका उपेन्द्र यादवले आफैले ज्यामी लगाई पराल खरीद गरी ठोरी क्षेत्रका वस्तुभाउ पालेका किसानलाई बिक्री गर्दै आएका छन् । जीतपुरसिमरा उपमहानगरपालिका-१० का व्यापारी महेश मण्डलले चितवन, काठमाण्डुसम्म माग भए अनुसार पराल, छवाली तथा रबीबालीको भूस खरीद गरी पुर् याउने गरेको बताए ।

परालको चाङ हेरेर किसानहरूले मूल्य तोक्ने र सो अनुसार तोलमोल गरी खरीद गर्ने गरेको व्यापारी मण्डलले बताए । यी पराल तथा भूसलाई शहरमा खोलिएका गाईभैंसी फर्ममा पनि बिक्री गर्ने गरेको उनले बताए ।

# राजदेवीको अध्यक्षमा मण्डल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको देवी चोक स्थित राजदेवी युवा कमिटीको अध्यक्षमा प्रदीप मंडल चयन भएका छन् ।

सोमबार कमिटीका महासचिव महासचिव राकेश कुमार पाठक (सुभाष) को अध्यक्षता एवम् संस्थापक अध्यक्ष मंडलको रोहबरमा बृहत् बैठक बसी मण्डलको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ ।

कमिटीको उपाध्यक्षमा दीपक यादव, महासचिवमा राकेश कुमार पाठक र कोषाध्यक्षमा विजय यादवलाई चयन गरिएको छ । त्यस्तै, कार्यकारिणी सदस्यहरुमा विनोद साह, अभिषेक मंडल, श्याम नारायण भगत, हरेराम यादव र करण साहलाई सर्वसम्मत चयन गरिएको छ भने कमिटीका वरिष्ठ निर्देशकमा पूर्वअध्यक्ष तथा वर्तमान वरिष्ठ निर्देशक श्याम किशोर मण्डललाई पुनः दोर्होयाइएको छ ।

कमिटीको निर्देशकहरुमा दिनेश ठाकुर, अमर साह, संजिव साह, रञ्जित यादव र बैजु साहलाई राखिएको छ भने पूर्वअध्यक्ष संतोष झालाई वरिष्ठ सल्लाहकार बनाइएको छ ।

त्यस्तै, विनयकान्त ठाकुर,सीयाराम कसेरा, राजकुमार ठाकुर, अभयकान्त ठाकुर, अवध मंडल, सुशील सिंह र नन्दु मंडललाई सल्लाहकार चयन गरिएको छ ।

# सडकमा शवसहित प्रदर्शन

**रञ्जन यादव**

कलैया । वीरगञ्ज पथलैया सड्क खण्डको जितपुरमा शवसहित स्थानीयले सोमबार प्रदर्शन गरेका छन् । ठक्कर दिने गाडी पक्राउ गर्नुपर्ने माग गर्दै स्थानीयले प्रदर्शन गरेको पूर्व वडा अध्यक्ष मोहित चौधरीले जानकारी दिए ।



गत मंसिर १५ गते दुर्घटनामा परेर घाइते भएका बारा जितपुरसिमरा उपमहानगरपालिका वडा नं.५ का ३५ वर्षीय विजयी माझीको गत मंसिर १५ गते उपचारका क्रममा मृत्यु भएपछि आफन्तले जितपुरसिमराको सडक अवरोध गर्दै प्रदर्शन गरेका छन् । न्यूरो अस्पताल वीरगञ्जमा मंसिर १५ गते साझ करिब ५ बजेतिर उनको मृत्यु भएकोथियो। पथलैया निजगढ सडक खण्डमा दाउरा लिएर आउने क्रममा हालसम्म पहिचान हुन नसकेको सेतो सवारी साधनले साइकलमा सवार माझीलाई ठक्कर दिंदा उनी गम्भीर घाइते भएका थिए ।

घाइते माझीलाई उपचारका लागि अस्पताल ल्याइएको थियो। उपचारकै क्रममा उनको मृत्यु भए पनि रकम अभाव भएका कारण उनको शव अस्पतालमै रहेपछि स्थानीयले चन्दा संकलन गरेर करिब १ लाख ८० हजार अस्पतालमा भुक्तानी गरेर मंसिर १८ गते जिल्ला अस्पताल कलैयामा पोस्टमाटम गरी सोमबार उनीहरुले शव सडकमा ल्याएर प्रदर्शन गरेका छन् ।

"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकतावद्ध खबरदारी"

- अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,
- सार्वजनिक विद्युतीय सूचना प्रणालीलाई पहुँचयुक्त बनाऔं,
- अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
- सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं ।

३१ औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक आभार तथा धन्यवाद



हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा मलाई महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका लागि योग्य ठानेर मतदान गर्नु भएका र नगर्नु भएका सम्पूर्ण मतदाताहरुमा कृतज्ञतासहित आभार तथा धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि क्षेत्रवासीको सम्पूर्ण सुख दुःखमा सहभागी भइ विकास निर्माणको कार्यमा सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

डा. राम परीक्षण यादव
प्रत्याशी
महोत्तरी निर्वाचन क्षेत्र नम्बर २
नेकपा एमाले

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८